मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## सुशासनका योजना लैङ्गिक उत्तरदायी हुनुपर्छः भण्डारी

बाँकी पृष्ठ ५ मा



● वर्ष ४ ● अंक १९५ ● २०८३ साल जेष्ठ २० गते बुधबार ● Wednesday 03, June 2026 ● सूर्योदय: बिहान ०५:११ बजे ● सूर्यास्त: साँझ ०६:५५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## भारतमा भ्रमणमा रवि लामिछानेः
# कुटनीतिक भेटघाटमा व्यस्तता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारत भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतका गृहमन्त्री अमित शाहबीच भेटवार्ता भएको छ । भेटमा नेपाल–भारत सम्बन्ध, आपसी हित, लोकतान्त्रिक अभ्यास, सुरक्षा सहकार्य तथा दुई देशका राजनीतिक दलहरूबीचको संवाद र सहकार्यका विषयमा विचार विमर्श भएको रास्वपाले जनाएको छ।

सभापति लमिछाने भाजपाका अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा पाँच दिने भारत भ्रमणका लागि सोमबार भारत प्रस्थान गरेका हुन् । सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलमा उनकी धर्मपत्नी नीकिता पौडेल, रास्वापाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपीनकुमार आचार्य, रास्वाका सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य छन्।

विदेशमन्त्री जयशङ्करबीच भेट

भारत भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतीय विदेशमन्त्री एस जयशङ्करबीच भेटवार्ता भएको छ । उनहरूबीच भएको छलफल भारत–नेपाल विकास साझेदारी तथा जनस्तरका सम्बन्धहरूमा केन्द्रित रहेको र यी



सम्बन्धहरूले विकास र समृद्धिलाई प्रवद्र्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ । नयाँ दिल्लीमा मंगलबार रास्वपाका सभापति लामिछाने तथा उनको प्रतिनिधिमण्डलसँग भेट्न पाउँदा खुसी लागेको भारतका विदेशमन्त्री जयशङ्करले सामाजिक सञ्जालमार्फत उल्लेख गरेका छन्।

- **अध्यक्ष नवीनसँग भेट**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनबीच राजनीतिमा 'जेन–जेड' पुस्ताको बढ्दो भूमिका र सम्भावनाबारे छलफल भएको छ।

भाजपा मुख्यालयमा मंगलबार उनीहरूबीच भएको भेटवार्तामा विशेषगरी लोकतान्त्रिक सहभागिता, सार्वजनिक बहस तथा भावी नेतृत्व निर्माणमा युवा पुस्ताले खेल्न सक्ने भूमिकामाथि विचार आदानप्रदान भएको भाजपाले जनाएको छ। भारत भ्रमणमा रहेका सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलले मंगलबार नयाँ दिल्लीस्थित भारतीय जनता पार्टी (भाजपा) मुख्यालयमा भाजपा राष्ट्रिय अध्यक्ष नवीनलगायत वरिष्ठ नेताहरूसँग भेटवार्ता गरेको हो।

प्रतिनिधिमण्डललाई स्वागत गर्दै अध्यक्ष नवीनले साझा सभ्यतागत विरासत, सांस्कृतिक सम्बन्ध तथा जनस्तरका सुदृढ सम्बन्धमा आधारित भारत–नेपालबीचको घनिष्ठ र ऐतिहासिक सम्बन्धबारे प्रकाश पारेका थिए । उनले यस्ता अन्तरक्रियाले लोकतान्त्रिक संवादलाई थप सुदृढ बनाउनुका साथै भाजपा र रास्वपाबीचको पार्टीगत सम्बन्धलाई अझ गहिरो बनाउन सहयोग पुग्ने बताएको भाजपाले जनाएको छ । अध्यक्ष नवीनले भाजपा पार्टीको यात्रा, विचारधारा, सङ्गठनात्मक संरचना तथा जनमुखी राजनीतिक सहभागितासम्बन्धी दृष्टिकोणबारे जानकारी गराएका थिए।

भेटवार्ताका क्रममा रास्वपा प्रतिनिधिमण्डलले भाजपा सदस्यता प्रक्रिया, उम्मेदवार छनोट प्रणाली तथा तल्लो तहका कार्यकर्ताको पहिचान र उनीहरूसँग सम्पर्क विस्तार गर्ने संयन्त्रबारे विशेष चासो व्यक्त गरेको थियो ।यसका साथै अध्यक्ष नवीनले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा अवलम्बन गरिएको विकासमुखी सुशासन मोडेलबारे पनि चर्चा गर्दै विकास, सेवा, सुशासन तथा कल्याणकारी सेवा प्रवाह भाजपा सरकारको शासन प्रणाली र जनसम्पर्क रणनीतिको केन्द्रमा रहेको उल्लेख गरेका थिए । भेटवार्तामा अध्यक्ष नवीनसँगै भाजपा राष्ट्रिय महामन्त्री अरुण सिंह, सांसद सञ्जय जयसवाल, सांसद बाँसुरी स्वराज तथा भाजपा विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले पनि सहभागी थिए । रास्वपा प्रतिनिधिमण्डलले भाजपा मुख्यालयस्थित मिडिया सेन्टर तथा केन्द्रीय पुस्तकालयको समेत अवलोकन गरेको थियो । भाजपाका विदेश विभाग प्रमुख चौथाइवाले जारी गरेको विज्ञप्तिअनुसार भेटवार्तापछि आयोजित दिवाभोज कार्यक्रममा दिल्लीका मुख्यमन्त्री रेखा गुप्तालगायत नेताहरू सहभागी थिए।

## स्वास्थ्य निर्देशनालयमा 'सेटिङ्ग'
# इच्छाएको सप्लार्यसलाई ठेक्का दिन 'स्पेशिफिकेशन'




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयले औषधी खरिदमा आपुर्तीकर्तासंग सेटिङ्ग गरेको पाइएको छ । निश्चित आपुर्तीकर्तालाई टेण्डर दिन 'स्पेशिफिकेशन' तोकेको पाइएको हो।

स्पेशिफिकेशन निश्चित आपुर्तीकर्तासंग मात्र मिल्ने गरी तोकेर बारम्बार त्यही सप्लार्यसको टेण्डर कबुल गर्दै आएको देखिन्छ । नियामवलीमै मेनुफेक्चरिङ अनिवार्य र अथोराइजेशन पत्र जस्ता सर्त राखेर लभ मेडिकल जलेश्वर र जीएच मेडिहेल्थ कन्सर्न भक्तपुरको टेण्डर बारम्बार कबुल भएको देखिएको छ । निर्देशनालयले गएको चैत ३० गते औषधी खरिदको लागि सूचना आह्वान गरेका थिए । तर, चार वटा कम्पनीको औषधी मेनुफेक्चरिङ अनिवार्य सर्त राखेर निर्देशनालयका कर्मचारीहरुले सेटिङ्ग गरेको आरोप लागेको छ । एक आपुर्तीकर्ताका अनुसार सार्वजनिक खरिद ऐनको प्रस्तावनामै प्रतिस्पर्धा, स्वच्छता, इमान्दारीता, जवाफदेहिता र विश्वसनिय प्रर्वद्धन गरी ठेक्का कबुल हुनुपर्ने उल्लेख छ । तर, मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयले सो ऐन विपरीत नियमावलीमा स्पेशिफिकेशन तोकेर महंगोमा औषधी खरिद गरिरहेका छन्।

'औषधी खरिदमा आइएसओ, जिएमटी मुख्य कुरा हो । यी प्रावधानहरु हुनुपर्छ । तर निर्देशनालयले प्रतिस्पर्धाबाट अन्य सप्लार्यशलाई बञ्चित गर्न स्पेशिफिकेशन तोक्ने गरेको छ,' उनले भने,'चार वटा कम्पनीको औषधी मेनुफेक्चरिङ अनिवार्य भनिएको छ । साथै अथोराइजेशन लेटर पनि अनिवार्यजस्ता जटिल प्रावधान बनाएको छ।'

उनका अनुसार आइटम अनुसार लक नगरेर समग्र आइटम लक गर्दा सीमित आपुर्तीकर्ता मात्रै कागजात पु¥याउन सक्ने जटिल प्रावधान राखेका हुन्छन् । कर्मचारीको मनपरीले सुलभ मूलयमा आपुर्ती हुने औषधी महंगोमा खरिद भइरहेको उनले सुनाए । उनले उदाहरण दिदै भने,'यस्तो सेटिङ्गको कारण दुई करोडमा खरिद हुने समान चार÷पाँच करोडमा खरिद भइरहेको छ ।' नेपालको कुनै पनि प्रदेशमा यस्ता जटिल प्रावधान नरहेको उनको दावी छ। सूचना आह्वानपछि सम्बन्धित कार्यालयको खरिद समिति बैठक बस्नु अगावै निश्चित आपुर्तीकर्तासंग सेटिङ्ग भएको उनको अनुमान छ।

यही जेठ १५ गते द सोलुशन मेडिटेक प्रा.लि.सहित चार वटा आपुर्तकर्ताले निर्देशनालयमा सो प्रावधान संशोधन गर्न निवेदन नै दिएका थिए । चार आइटमको हकमा अथोराइजेशन लेटर अनिवार्य नहुने गरी बोलपत्रमा प्रतिस्पर्धा गर्ने वातावरण बनाई दिन अनुरोधसहित निवेदन दिएका थिए । निवेदनमा डब्लुएचओ–जीएमपी र डिडिए प्रमाणपत्रको अधारमा बोलपत्र प्रतिस्पर्धामा भाग लिन पाउनु पर्ने माग गरिएको छ।

यस विषयमा थप बुझ्नको लागि निर्देशनालयका निर्देशक सरोज न्यौपानेलाई सम्पर्क गर्दा निवेदनमाथि छलफल भइरहेको बताए। स्पेशिफिकेशनको बारेमा उनले केही बोल्न मानेन् । भेटेर कुरा गर्ने भन्दै पञ्छिए । स्टोर प्रमुख युगल किसोर यादवले यस विषयमा अनविज्ञता प्रकट गरे । लेखापाल जितेन्द्र यादवले सबै गुनासो सुनवाई गर्न नसकिने बताए। र, यस विषयको फोकल पर्सनसंग कुरा गर्नुपर्ने बताए।

यस्तै प्रकृति अनियमितता मधेश प्रदेशको स्वास्थ्य मन्त्रालयले असअघि पनि गरेका थिए। प्रदेश जनस्वास्थ्य प्रयोगशालाले स्पेशिफिक तोकेर स्वास्थ्य उपकरण र सामग्री खरिद गर्दा ५२ करोडको भ्रष्टाचार गरेको विशेष अदालतले ठहर गर्दै १६ जना कर्मचारीलाई निलम्बन र जरिवना गरेका थिए।

## भ्रष्टाचार मुद्दामा निलम्बित प्रदेशसभा सदस्य सिंहलाई ४ वर्ष कैद



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विशेष अदालतले मधेश प्रदेशका निलम्बित प्रदेशसभा सदस्य सरोजकुमार सिंहलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै कैद र जरिवानाको फैसला सुनाएको छ।

मंगलबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले सिंहलाई ४ वर्ष १ महिना कैद सजाय र ३८ लाख ५० हजार १३९ रुपैयाँ जरिवाना हुने फैसला गरेको हो।

अदालतले 'अपराध पीडित संरक्षण ऐन, २०७५' अनुसार सिंहबाट १ लाख ५४ हजार ५ रुपैयाँ ५६ पैसा क्षतिपूर्ति शुल्क असुल गरी 'पीडित राहत कोष' मा जम्मा गर्न आदेश दिएको छ । साथै घुसबापत लिएको भनिएको ३८ ख ५० हजार १३९ रुपैयाँ सरकारी कोषमा जफत गर्न पनि अदालतले निर्देशन दिएको छ।

महोत्तरी क्षेत्र नं. ४ 'ख' बाट निर्वाचित सिंहले विभिन्न उपभोक्ता समितिहरूबाट 'घुस कमिसन' शीर्षकमा उक्त रकम लिएको अदालतले ठहर गरेको छ । अदालतका अनुसार प्रतिवादीले रकम लिएको विषयमा विवाद नगरेकाले सोही रकमलाई भ्रष्टाचारको बिगो कायम गरिएको हो।

अभियोगअनुसार उपभोक्ता समितिको खातामा जम्मा भएको रकम सिंहका स्वकीय सचिव विनोदकुमार लाल कायस्थमार्फत झिकाइएको थियो । त्यसपछि उक्त रकम सिंह र उनकी श्रीमतीको संयुक्त बैंक खातामा जम्मा गरिएको भन्दै अख्तियारले भ्रष्टाचार र हिनामिनाको मुद्दा दायर गरेको थियो।

## धनुषा जिल्ला अदालत अगाडि मिटरब्याज पीडितहरुको धर्ना, आन्दोलन थप चर्काउने चेतावनी

**मधेशदृगिट**
**जनकपुरधाम।**
मिटरब्याज पीडितहरूले मंगलबार धनुषा जिल्ला अदालत अगाडि प्रदर्शन गर्दै धर्ना दिएका छन् । न्याय नपाएको गुनासो गर्दै उनीहरूले अदालत परिसर बाहिर नाराबाजीसहित विरोध जनाएका हुन्।

मिटरब्याज पीडित संघर्ष समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाको नेतृत्वमा आयोजित प्रदर्शनमा सहभागीहरूले सरकारले समस्या समाधानकालागि प्रभावकारी कदम नचालेको आरोप लगाए । लामो समयदेखि न्यायको माग गर्दै आए पनि उल्टै उजुरी, दबाब र प्रताडना बढ्दै गएको पीडितहरूको भनाइ थियो।

प्रदर्शनका क्रममा अध्यक्ष कुशवाहाले सत्ता परिवर्तन र गृहमन्त्री फेरिए पनि मिटरब्याज पीडितको समस्या ज्यूँका त्यूँ रहेको टिप्पणी गरे। चुनावअघि विभिन्न आश्वासन दिइए पनि व्यवहारमा पीडितलाई राहत दिनेतर्फ कुनै ठोस काम नभएको उनको आरोप थियो।

यसअघि पनि पीडितहरूले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिँदै सरकारको ध्यानाकर्षण गराएका थिए । अदालत र प्रशासनबाट साहु पक्षलाई बढी संरक्षण मिल्ने गरेको आरोप लगाउँदै उनीहरूले निष्पक्ष न्याय नपाएको गुनासो गरेका छन्।

'कालो कोट होसियार', 'मिटरब्याजीलाई कारबाही गर', 'फर्जी तमसुक खारेज गर' तथा 'अदालत, प्रहरी र प्रशासनको दमन बन्द गर' जस्ता नारा लगाउँदै पीडितहरू जनकपुरधाम उपमहानगरपालिका–४ स्थित मण्डल कुटीबाट जुलुससहित अदालततर्फ पुगेका थिए।

जिल्ला अदालत र उच्च अदालत प्रवेशमार्गमा प्रहरीद्वारा ब्यारिकेट लगाएपछि उनीहरू अदालतभित्र प्रवेश गर्न सकेनन् । त्यसपछि प्रदर्शनकारीहरू बाहिरै बसेर धर्ना र नाराबाजीलाई निरन्तरता दिएका थिए।

पीडितहरूले आफ्ना माग सम्बोधन नभए आन्दोलनलाई अझ सशक्त बनाइने चेतावनी समेत दिएका छन्।

## मधेशका पाँच जिल्लामा रास्वपाको अधिवेशन प्रक्रिया स्थगित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेश प्रदेशका विभिन्न जिल्लामा देखिएको निर्वाचनसम्बन्धी विवादपछि अधिवेशन तथा निर्वाचनका आगामी सम्पूर्ण प्रक्रिया तत्कालका लागि स्थगित गरेको छ।

पार्टीको केन्द्रीय निर्वाचन आयोगले प्राप्त उजुरी र विवादमाथि छानबिन आवश्यक रहेको भन्दै मधेश प्रदेशका पाँच जिल्लाका विभिन्न पालिका र वडामा जारी अधिवेशन प्रक्रिया रोक्ने निर्णय गरेको हो । आयोगका प्रमुख भुवन केसीको अध्यक्षतामा बसेको बैठकले अर्को निर्णय नभएसम्म निर्वाचनसम्बन्धी गतिविधि स्थगित गर्ने निर्णय गरेको जनाएको छ।

आयोगका अनुसार जेठ १७ गतेसम्म सम्पन्न भइसकेका प्रक्रिया बाहेक त्यसपछिका सबै निर्वाचन गतिविधि रोकिनेछन् । विवाद समाधान र अन्तिम निर्णय नभएसम्म नयाँ प्रक्रिया अघि नबढाइने स्पष्ट गरिएको छ । मधेश प्रदेशअन्तर्गत सप्तरी र सिरहाका केही विवादित स्थानीय तह र वडामा अधिवेशन प्रक्रिया रोकिएको छ।

त्यस्तै महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका, एकडारा गाउँपालिका, मटिहानी नगरपालिका, मनरा शिस्वा नगरपालिका र पिपरा गाउँपालिकासहित अन्य विवादित क्षेत्रमा पनि निर्वाचन प्रक्रिया स्थगित गरिएको छ।

धनुषामा जनकपुरधाम उपमहानगरपालिका, जनकनन्दिनी गाउँपालिका र गणेशमान चारनाथ नगरपालिकासहितका विवादित क्षेत्रमा अधिवेशन रोकिएको छ भने सर्लाहीको हरिपूर्वा नगरपालिकामा पनि यही निर्णय लागू गरिएको आयोगले जनाएको छ।

आयोगले प्रदेश, जिल्ला तथा स्थानीय तहका पार्टी संरचनालाई अर्को आधिकारिक निर्देशन नआएसम्म कुनै पनि निर्वाचन प्रक्रिया अगाडि नबढाउन निर्देशन दिएको छ । निर्देशनविपरीत गरिएका गतिविधिलाई आधिकारिक मान्यता नदिइने चेतावनी पनि आयोगले दिएको छ।

रास्वपाले पार्टीभित्रको निर्वाचनलाई निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक बनाउन विवाद समाधानपछि मात्रै बाँकी प्रक्रिया अघि बढाइने जनाएको छ।

# १९ लाख बढी मूल्यको फर्सीको बीउ बरामद

**सिरहा।**
जिल्ला प्रहरी कार्यालय सिरहाले झन्डै साढे १९ लाख रूपैयाँ बराबरको अवैध फर्सीको बीउ बरामद गरेको छ । नेपालबाट भारततर्फ अवैध रूपमा निकासी गर्नका लागि लुकाइछिपाइ राखिएको अवस्थामा प्रहरीले परिमाणको बीउ बरामद गरेको हो।
विशेष गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको विशेष प्रहरी टोलीले सोमबार बेलुका बरियारपट्टी गाउँपालिका–२ बस्ने हरिदेव दासको घरमा छापा मारेको थियो । दासको घरमा खानतलासी गर्दा घरको 'प्यासेज'मा लुकाइछिपाइ राखेको अवस्थामा प्रतिबोरा २८ हजार बजार मूल्य पर्ने कुल ७० बोरा फर्सीको बीउ (बियाँ) फेला परेको प्रहरीले जनाएको छ।
बरामद गरिएको फर्सीको बीउको कुल मूल्याङ्कन १९ लाख ६० हजार रूपैयाँ कायम गरिएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार बरामद सामानलाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालय माडर, सिरहामा बुझाइएको छ।

# विद्यालयको भवन शिलान्यास

**रौतहट।**
राजदेवी नगरपालिका गडहियामा गडहिया आधारभूत विद्यालय भवन निर्माण हुने भएको छ।
भारत सरकारको दुई करोड ९६ लाख रुपैयाँ र राजदेवी नगरपालिकाको २० लाख रुपैयाँ गरी कूल तीन करोड १६ लाख रुपैयाँको लागतमा भवन निर्माण हुन लागेको हो।
भारत–नेपाल विकास सहकार्य कार्यक्रम सामुदायिक विकास परियोजना (एचआइसीडीपी) मार्फत मधेश प्रदेशमा विद्यालय, क्याम्पस, अस्पताल, स्वास्थ्य संस्था, सडक तथा अन्य आधारभूत पूर्वाधार निर्माणका परियोजन सञ्चालन हुँदै आएका छन्।
आज गडहियामा भारतका महावाणिज्यदूत देवीसहाय मीनाले नयाँ निर्माण हुने विद्यालय भवनको शिलान्यास कार्यक्रममा राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारीराय यादवलाई पहिलो चरणको ६३ लाख १० हजार ३ सय ८६ रुपैयाँ चेक हस्तान्तरण गरे।
शिलान्यास समारोहमा महावाणिज्यदूत मीनाले भारत सरकारले हालसम्म मधेश प्रदेशमा २ सय २८ एम्बुलेन्स र ४० विद्यालयका लागि आवश्यक नयाँ भवन निर्माण गरिदिएको जानकारी दिए।
उनले विद्यालय भवन निर्माण सम्पन्न भएपछि विद्यार्थीले गुणस्तरीय शिक्षा पाउँछन् भन्ने विषयमा आफू ढुक्क रहेको बताए।
कार्यक्रममा राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारीराय यादवले छिमेकी मुलुक भारतको सहयोगमा विद्यालय भवन निमार्णले स्थानीय खुसी भएको बताए।

# राजदेवीमा विद्यालय तथा पुस्तकालय भवन निर्माण सुरु

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको राजदेवी नगरपालिका–४ स्थित श्री प्राथमिक विद्यालयमा नयाँ विद्यालय तथा पुस्तकालय भवन निर्माणको शिलान्यास गरिएको छ।
नेपाल–भारत विकास सहकार्यअन्तर्गत निर्माण हुन लागेको उक्त परियोजनाको मंगलबार संयुक्त रूपमा भारतको वीरगंजस्थित महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मीना र राजदेवी नगरपालिकाका मेयर भिखारी प्रसाद यादवले शिलान्यास गरेका हुन्।
भारत सरकारको अनुदान सहयोगमा करिब २ करोड ८४ लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको यो परियोजनाले स्थानीय शैक्षिक पूर्वाधारलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ । महावाणिज्य दूतावासका अनुसार परियोजना उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) अन्तर्गत कार्यान्वयन भइरहेको छ र यसको व्यवस्थापन राजदेवी नगरपालिकाले गर्नेछ।
निर्माण हुने नयाँ संरचनामा भ¥याङसहितको दुईतले भवन रहनेछ, जसमा आठ वटा कक्षाकोठा निर्माण गरिनेछ। प्रत्येक तलामा चार–चार वटा कक्षाकोठा रहने योजना छ । साथै छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय, सेप्टिक ट्याङ्की, सोक पिट, ट्युबवेल, सरसफाइ तथा विद्युतीय व्यवस्थासहित आवश्यक अन्य पूर्वाधार पनि समावेश गरिनेछ।
शिलान्यास कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, सरकारी अधिकारी, सामाजिक अगुवा, विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा बोल्ने नगर



प्रमुख, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अन्य सरोकारवालाहरूले शिक्षा क्षेत्रको विकासमा भारत सरकारले पु¥याउँदै आएको योगदानको प्रशंसा गर्दै आभार व्यक्त गरेका थिए।
नेपाल र भारतबीच लामो समयदेखि विकास साझेदारीका विभिन्न परियोजनाहरू सञ्चालन हुँदै आएका छन्। शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सामुदायिक विकासका क्षेत्रमा सञ्चालित यस्ता परियोजनाले स्थानीय स्तरको विकासलाई गति दिनुका साथै नेपाल सरकारको विकास प्रयासलाई थप सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

# संवैधानिक नियुक्तिको विरोध गर्दै प्रदेशसभा बैठक अवरुद्ध



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभाको बैठक मंगलबार विपक्षी दलहरूले अवरुद्ध गरेका छन् । प्रदेश लोकसेवा आयोग र जनलोकपाल आयोगमा गरिएको सदस्य नियुक्ति प्रक्रिया अवैधानिक भएको आरोप लगाउँदै विपक्षी सांसदहरूले बैठक चल्न दिएनन्।
बैठक सुरु हुनासाथ प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेशसभा सदस्यहरू आ–आफ्नो स्थानबाट उठेर विरोध जनाएका थिए।
सभामुख रामआशिष यादवले नीति तथा कार्यक्रममाथिको छलफलकालागि बैठक सञ्चालन गर्न पटक–पटक आग्रह गरेपनि विपक्षी सांसदहरू विरोधमा उभिएप्छि बैठक स्थगित गरिएको थियो । विपक्षी दलहरूले मुख्यमन्त्री कृष्णप्रसाद यादवले विधि र प्रक्रिया मिचेर एकलौटी ढंगले लोकसेवा आयोग र जनलोकपाल आयोगमा सदस्य नियुक्त गरेको आरोप लगाएका छन्।
विपक्षी दलका तर्फबाट बोल्दै संजय कुमार यादवले संवैधानिक निकायमा गरिएको नियुक्ति अवैध भएकाले त्यसलाई खारेज गर्नुपर्ने माग गरे । उनले मुख्यमन्त्रीले सार्वजनिक रूपमा माफी नमागेसम्म बैठक सञ्चालन हुन नदिने चेतावनी पनि दिए।
मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८३÷०८४ को नीति तथा कार्यक्रममाथि सोमबारदेखि जारी छलफल पूरा हुन नसकेपछि मंगलबार पुनः बैठक बोलाइएको थियो । कार्यसूचीअनुसार मंगलबार पनि नीति तथा कार्यक्रममाथि छलफल हुने तय गरिएको थियो।

# कर्णाली मन्त्रिपरिषद् : नीति तथा कार्यक्रम प्रस्तुत गर्ने निर्णय

**कर्णाली।**
कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८३–८४ को नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गर्न स्वीकृत गर्ने निर्णय गरेको छ।
कर्णाली प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले आव २०८३–८४ को नीति तथा कार्यक्रम जेठ २० गते बुधबार दिउँसो ३ बजे कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीबाट प्रदेशसभामा प्रस्तुत गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए।
बैठकले सशस्त्र सङ्घर्ष, जनआन्दोलन तथा प्रदेश प्राप्तिको लागि आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता वितरणका लागि चार करोड ७४ लाख ७२ हजार रुपैयाँ बराबरको रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी प्रदानका लागि स्वीकृति दिने निर्णय गरेको प्रवक्ता शाहले बताए। रासस

# 'लु' को जोखिमबाट जोगिन पूर्वतयारी आवश्यक



**काठमाडौँ।**
सम्बन्धित निकायका सरकारी अधिकारी तथा मौसम विषयका जानकारहरूले 'लु' को जोखिमबाट जोगिन आवश्यक पूर्वतयारी आवश्यक रहेकामा जोड दिएका छन्।
अन्तरराष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासङ्घ (आईएफआरसी) ले अत्यधिक गर्मी जोखिम न्यूनीकरण दिवसका अवसरमा मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उनहरूले त्यसका लागि तीनै तहका सरकार र साझेदारी निकायबीच सहकार्य तथा समन्वय अपरिहार्य रहेको उल्लेख गरे। गृह मन्त्रालयका सहसचिव सुरेश पन्थीले 'लु' को जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयले कार्ययोजना स्वीकृत गरी लागू गरिसकेको बताए। साथै उनले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत अत्यधिक जोखिममा रहेका र धेरै जनसंख्या भएका सम्भावित जोखिम भएका जिल्लामा सन्देश प्रवाह भइरहेको उल्लेख गरे।
यस प्रक्रियामा गृह मन्त्रालयले 'लु' बाट प्रभावित हुने क्षेत्रका नागरिकहरूको तत्काल जीवन रक्षा गर्न, उनीहरूलाई सचेत गराउन र यसको प्रभावलाई न्यूनीकरण गर्न आवश्यक कार्य र समन्वय गरिरहेको जानकारी गराए।
जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. अर्चना श्रेष्ठले तापक्रम मात्र नभई हावा, आद्र्रता जस्ता विभिन्न आयामलाई ध्यानमा राखेर गर्मी सम्बन्धी जोखिमहरूको मूल्याङ्कन गर्न आवश्यक रहेकामा जोड दिए।
यसवर्ष औसतभन्दा कम वर्षा हुने सम्भावना देखिएको जानकारी गराउँदै उनले यसको आधारमा गर्मी लहर तथा अत्यधिक गर्मीका दिनहरू बढ्न सक्ने अनुमान गरिएको बारेमा आफूहरूले निरन्तर निगरानी गरिरहेका उल्लेख गरे । प्रमाण र तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्दै समयमै सही निर्णय लिन सकिने वातावरण निर्माण सबैको प्रमुख लक्ष्य हुनुपर्ने उनको भनाइ थियो। नेपाल रेडक्रस सोसाइटीका महामन्त्री मीनबहादुर मल्लले सरोकारवाला विज्ञहरूबीचको छलफल र विचारहरूले आगामी दिनमा नेपाल सरकार तथा विभिन्न साझेदार संस्थाहरूसँगको सहकार्यमा रणनीति निर्माणमा महत्त्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गरे।
उनले सरकार र अन्य निकायसँगको सहकार्यले आगामी दिनमा अझ धेरै जिल्लामा रेडक्रसले 'लु' सचेतना कार्यक्रम विस्तार गर्न र समुदायस्तरमा प्रभावकारी सेवा पु¥याउन सहयोग पुग्ने उल्लेख गरे। डिपी नेपालका अध्यक्ष डा. बसन्तराज अधिकारीले पछिल्लो समय विश्वव्यापी तापक्रम वृद्धि भइरहेका बेला गर्मीका चुनौतीहरू केवल तराई क्षेत्रमा मात्र होइन, हिमाली क्षेत्र र मध्यपहाडी उपत्यकामा बढ्दै गईरहेको उल्लेख गर्दै यसको सामनाका लागि विस्तृत अनुसन्धान र नवप्रवर्तन अत्यन्त आवश्यक रहेको बताए। नेपाल सरकारले हालै स्वीकृत गरेको तापीय कार्यढाँचा कार्यान्वयनका लागि पर्याप्त वैज्ञानिक आधार र स्थानीयस्तरका तथ्यांक आवश्यक रहेको उनको भनाइ थियो। रासस

# श्रीमानको हत्या आरोपमा श्रीमतीसहित तीन पक्राउ

बागलुङ ।
बागलुङको जैमिनीमा मजदुरको हत्या गरेको आरोपमा प्रहरीले तीन जनालाई प्रक्राउ गरेको छ । सोमबार जिल्लाको जैमिनी नगरपालिका–१० राङखानी हाडीकोटमा मजदुरी गर्दै आएका लमजुङको क्व्होलासोथार गाउँपालिका–६ का ६२ वर्षीय देउबहादुर सार्कीको हत्या गरेको आरोपमा प्रहरीले श्रीमतीसहित तीन जनालाई प्रक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक फणिन्द्र प्रसाईंका अनुसार सार्कीकी श्रीमती २६ वर्षीया लक्ष्मी नेपाली, पोखरा महानगरपालिका–२६ जलधारेका ३८ वर्षीय रामआकाश विश्वकर्मा र मादी गाउँपालिका–३ याङ्गजाकोटका ५६ वर्षीय आसपुरे कामीलाई पक्राउ गरिएको छ । मृतक सार्कीसहित चारै जना हाडीकोटमा मजदुरी गर्दै आएका थिए । सोमबार बिहान छोरेडाँडाखानी गाउँमा मदिरा सेवा गरेर गर्ने स्थलतर्फ जाँदै गर्दा सामान्य विवाद हुँदा सार्कीलाई तीन जनाले ढुङ्गा प्रहार गरी हत्या गरेको प्रहरी उपरीक्षक प्रसाईं बताउँछन् । जिल्ला अदालत बागलुङबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।प्रहरी उपरीक्षक प्रसाईंले भने, 'जैमिनीको हाडीकोटमा उनीहरू सबै मजदुरी गर्न आएका रहेछन्, मदिरा सेवा गरी सामान्य झैझगडा हुँदा हत्यासम्मको स्थितिमा पुगेछ, हामीलाई जङ्गलमा मजुदरको शव फेला परेको खबर पाउँदा साथ प्रहरी टोली त्यहाँ पुगेको थियो ।
राति नै हत्यामा संलग्न भएका तीन जनालाई गाउँबाटै नियन्त्रणमा लिएका हौँ ।' मृतक सार्की र उनकी पत्नी नेपालीबीच ३६ वर्षको उमेर अन्तर देखिन्छ । बेला बेलामा श्रीमान–श्रीमतीबीच सामान्य झगडा पहिलेदेखि नै हुँदै आएको अनुसन्धानमा खुलेको प्रसाईंले बताए । घटनाको बारेमा थप अनुसन्धान भइरहेको उनको भनाइ छ । मृतक सार्कीको जेठी श्रीमतीतर्फ दुई छोरी, माइलीतर्फ एक छोरा र हालकी श्रीमतीबाट चार वर्षको छोरा रहेको प्रहरीले जनाएको छ । रासस

# सरसफाई तथा जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
विश्व वातावरण दिवस २०८३ को पूर्वसन्ध्यामा प्रकृति सेवा प्रतिष्ठान, नेपालले जीवन ज्योति स्कुलको सहकार्यमा मंगलबार सरसफाइ तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।
वीरगंज महानगरपालिका–९ रानिघाटस्थित जीवन ज्योति स्कुलबाट सुरु भएको सरसफाइ अभियान घण्टाघर तथा पशुपतिनाथ मन्दिर परिसरसम्म सञ्चालन गरिएको थियो।
कार्यक्रममा विद्यार्थी, शिक्षक, समाजसेवी तथा प्रतिष्ठानका पदाधिकारीहरूको सहभागिता रहेको थियो।
कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयका प्रधानाध्यापक शिव गुप्ताले वातावरण संरक्षणमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताए । प्रतिष्ठानका अध्यक्ष सरदार जसपाल सिंहले विश्व वातावरण दिवसलाई लक्षित गरी जेठ १८ देखि २२ गतेसम्म विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए।
आयोजकका अनुसार वातावरण संरक्षण, सरसफाइ र प्रकृतिप्रति उत्तरदायित्वबोध अभिवृद्धि गर्ने उद्देश्यले साताव्यापी कार्यक्रम सञ्चालन गरिएको हो।

# सिरहा नगरपालिकाको लेखा शाखामा तालाबन्दी

**मधेशदृष्टि**
**सिरहा।**
सिरहा नगरपालिकाको लेखा शाखामा मंगलबार तालाबन्दी गरिएको छ। कार्यपालिका बैठक बोलाउन, विकास योजनामा संशोधन गर्न तथा प्रमुख प्रशासकीय अधिकृतको नियमित उपस्थितिको माग गर्दै दुई वडाध्यक्षहरूले तालाबन्दी गरेका हुन्।
वडा नं. २ का अध्यक्ष राकेशकुमार यादव र वडा नं. ६ का अध्यक्ष इन्द्रजित यादवले नगर प्रशासनको काम प्रभावकारी नभएको आरोप लगाएका छन् । उनीहरूले बैठक नियमित नबस्दा विकास योजना कार्यान्वयन प्रभावित भएको बताएका छन् ।
यता नगर प्रमुख डा. नवीनकुमार यादवले प्रमुख प्रशासकीय अधिकृतले राजनीतिक भूमिका खेलेको आरोप लगाएका छन् । प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुसँग प्रतिक्रिया लिन खोजिए पनि सम्पर्क हुन नसकेको जनाइएको छ।

# सरकारको वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित

**मकवानपुर।**
बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३\८४ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ। मंगलबार बसेको प्रदेशसभा बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि परेको संशोधनको प्रस्ताव बहुमत अस्वीकृत गरेको थियो।
प्रदेशसभा सदस्यहरू रत्नप्रसाद ढकाल, लक्ष्मी घिमिरे, सुष्मा भुजेल न्यौपाने र युवराज चौलागाईँले वार्षिक नीति तथा कार्यक्रमलाई थप संशोधन गर्न आवश्यक भएको भन्दै छुट्टाछुट्टै प्रस्तावहरू पेश गर्नुभएको थियो । ती प्रस्तावहरू बहुमतले अस्वीकृत गरेको थियो ।
मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेशसभाको सोमबार बसेको बैठकमा प्रदेश सरकारको आव २०८३÷८४ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलको प्रारम्भ गरियोस् भनि प्रस्ताव पेश गरेका थिए।
प्रदेशसभाको मंगलबारको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभाका सदस्यहरूले छलफलमा उठाएका प्रश्नहरूको जवाफ दिँदै मुख्यमन्त्री बानियाँले नीति तथा कार्यक्रमका आधारमा आगामी असार १ गते ल्याइने बजेट समानुपातिक, निष्पक्ष पारदर्शी र जनमुखी हुने बताए। दुई दिनसम्म चलेको छलफलमा ६४ जना प्रदेशसभा सदस्यहरूले भाग लिए।
प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईँले प्रदेशसभाको अर्को बैठक जेठ ३१ गते अपराह्न १ बजे बस्नेगरी स्थगित गरेका छन्। रासस

# काली सेनाको नयाँ कार्यालय उद्घाटन, २६ सयभन्दा बढी महिलालाई स्वरोजगारसँग जोडिने



**मधेशदृष्टि**
**रक्सौल।**
वीरगंज–रक्सौलस्थित आश्रम रोडमा रहेको सेवक संजय नाथ काली न्यास विद्यालय परिसरमा काली सेनाको नयाँ कार्यालय सञ्चालनमा आएको छ । मंगलबार साँझ आयोजित एक विशेष समारोहबीच स्थानीय विधायक प्रमोद कुमार सिन्हाले कार्यालयको औपचारिक उद्घाटन गरेका हुन् । महिलाको आर्थिक सशक्तीकरण र स्वरोजगार प्रवद्र्धनलाई लक्ष्य बनाउँदै सक्रिय काली सेनाको नयाँ कार्यालय उद्घाटन कार्यक्रममा काली मन्दिरका पीठाधीश्वर सेवक संजय नाथ, समाजसेवी, राजनीतिक व्यक्तित्व तथा संस्थासँग आबद्ध महिला सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै विधायक प्रमोद कुमार सिन्हाले काली सेनाले महिलाहरूलाई उद्यमशीलता र स्वरोजगारतर्फ उन्मुख गराउने महत्वपूर्ण काम गरिरहेको बताए। गृह उद्योगमार्फत महिलालाई आयआर्जनको अवसर सिर्जना गरी आत्मनिर्भर बनाउने संस्थाको प्रयास उदाहरणीय रहेको उल्लेख गर्दै उनले यस्ता अभियानलाई आवश्यक सहयोग उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे। उनले संस्थाको विस्तार र विकासमा पीठाधीश्वर सेवक संजय नाथको निरन्तर सहयोगको प्रशंसा गर्दै महिलाको उत्थानका लागि सरकारी तथा गैरसरकारी तहबाट सहकार्य आवश्यक रहेको धारणा राखे । साथै, संस्थाकी अध्यक्ष पार्वती तिवारीले पिछडिएका तथा आर्थिक रूपमा कमजोर महिलाहरूलाई रोजगारीसँग जोड्न खेलेको भूमिकाको पनि उनले सराहना गरे।

कार्यक्रममा बोल्दै पीठाधीश्वर सेवक संजय नाथले महिलाको दीर्घकालीन सशक्तीकरणका लागि आफूले देखेको सपना काली सेनामार्फत क्रमशः साकार बन्दै गएको बताए। संस्थाको पहलबाट धेरै महिलाहरू आत्मनिर्भर बन्न सफल भएको उल्लेख गर्दै उनले यसलाई सामाजिक परिवर्तनको सकारात्मक संकेतका रूपमा व्याख्या गरे । संस्थाकी अध्यक्ष पार्वती तिवारीका अनुसार हाल काली सेनासँग करिब २ हजार ६ सय महिलाहरू आबद्ध छन् । उनीहरूले तिसौरी, अदौरी, अचारलगायत विभिन्न घरेलु उत्पादन तयार गरी आम्दानी गरिरहेका छन्।

बजारमा उत्पादित सामग्रीको माग बढ्दै गएको बताउँदै उनले नयाँ कार्यालय सञ्चालनसँगै संस्थाका गतिविधि थप व्यवस्थित र प्रभावकारी बन्ने तथा अझ धेरै महिलालाई रोजगारमूलक अवसरसँग जोड्न सहज हुने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा भाजपा नेता अजय पटेल, मृत्युन्जय सिंह, समाजसेवी निरुल्लाह खान, कन्हैया सर्राफ, प्रेम गुप्ता, सैफुल आजम, अबरार खान, विमल सर्राफ, दीपू श्रीवास्तव, दीपक श्रीवास्तव, पप्पु साहलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

# प्रतिभावान महिला क्रिकेट खेलाडी मोनरमालाई क्रिकेट कीट सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकाले उदाउँदो महिला क्रिकेट प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले युवा खेलाडी मोनरमा कुमारी पासवानलाई क्रिकेट कीट उपलब्ध गराएको छ । जगरनाथपुर गाउँपालिका–२ निवासी सिकन्दर हजरा दुसादकी छोरी मोनरमा हाल वीरगञ्जस्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, श्रीपुरमा कक्षा ८ मा अध्ययनरत छिन्।



अध्ययनसँगै क्रिकेट खेलमा सक्रिय उनले जिल्ला स्तरीय महिला क्रिकेट टोलीबाट उत्कृष्ट प्रदर्शन गर्दै आफ्नो प्रतिभा स्थापित गर्दै आएकी छन् । यही प्रतिभालाई थप उचाइमा पुर्‍याउने लक्ष्यसहित गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले आवश्यक क्रिकेट सामग्री हस्तान्तरण गरिएको स्थानीय विनय द्विवेदीले जानकारी दिए । कीट हस्तान्तरण कार्यक्रममा अध्यक्ष यादवले गाउँपालिकाभित्र रहेका प्रतिभाशाली खेलाडीहरूको पहिचान र क्षमता विकास स्थानीय सरकारको प्राथमिकतामा रहेको बताए।

उननले खेलकुदले युवाहरूमा अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमताको विकास गर्ने उल्लेख गर्दै बालबालिका तथा युवालाई खेलकुद गतिविधिमा सक्रिय सहभागिता जनाउन आग्रह गरे । साथै, भविष्यमा पनि खेल क्षेत्रका प्रतिभाहरूलाई आवश्यक सहयोग र प्रोत्साहन उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे। क्रिकेट कीट प्राप्त गरेपछि मोनरमाले आफूलाई थप मेहनत गर्ने प्रेरणा मिलेको बताउँदै आगामी दिनमा जिल्ला, प्रदेश हुँदै राष्ट्रिय स्तरसम्म उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य रहेको प्रतिक्रिया दिइन् । स्थानीयवासी तथा अभिभावकहरूले गाउँपालिका अध्यक्षबाट गरिएको सहयोगले खेल क्षेत्रमा लागेका युवाहरूलाई नयाँ ऊर्जा र उत्साह प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् । उनीहरूका अनुसार यस्ता सहयोगले ग्रामीण क्षेत्रका प्रतिभाशाली खेलाडीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्न थप अवसर मिल्नेछ।

# स्व. वीरेन्द्र शाहको स्मृतिमा श्रद्धाञ्जलीसभा



**मधेशदृष्टि**
**वीरगंज।**
स्वर्गीय राजा वीरेन्द्र शाहको स्मृतिमा वीरगंजमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। राजभक्त देशभक्त केन्द्रीय कार्यालय वीरगञ्जको आयोजनामा वीरगञ्ज महानगरपालिका–७ स्थित हनुमान मन्दिर प्राङ्गणमा आयोजित कार्यक्रममा सहभागीहरूले स्वर्गीय राजा वीरेन्द्र शाहप्रति श्रद्धासुमन अर्पण गरेका थिए । नारायणहिटी राजदरबार हत्याकाण्डको स्मरणमा आयोजित श्रद्धाञ्जली सभा राजभक्त देशभक्तका केन्द्रीय अध्यक्ष दिपेन्द्र प्रसाद रौनियारको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा वक्ताहरूले नारायणहिटी राजदरबार हत्याकाण्डको सत्यतथ्य पूर्ण रूपमा सार्वजनिक हुनुपर्ने धारणा व्यक्त गर्दै घटनासम्बन्धी विषयमा निष्पक्ष छानबिन र न्यायको अपेक्षा गरेका थिए। उनीहरूले स्वर्गीय राजा वीरेन्द्र शाहको शासनकालमा शान्ति, स्थायित्व तथा जनहितका पक्षमा भएका कार्यहरूको समेत स्मरण गरेका थिए। सभामा पशुपति विक्रम शाह, महेन्द्रप्रसाद शाह, वीरेन्द्र थापा, रामनारायण शाह, जनकलाल शाह, जयनारायण गौरो, अनुराणा, रञ्जन कुमार, रोशनी शाह, भीष्मा यादवलगायत शुभेच्छुक तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय उपस्थिति रहेको आयोजकले जनाएको छ । कार्यक्रमको अन्त्यमा सहभागीहरूले स्वर्गीय राजा वीरेन्द्र शाहप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको योगदानको स्मरण गरेका थिए।

# हरिखेतान क्याम्पसको संचालक समिति पुनर्गठन



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज स्थित हरि खेतान बहुमुखी क्याम्पसको सञ्चालक समिति पुनर्गठन भएको छ । नवगठित क्याम्पस सञ्चालक समितिको अध्यक्षमा डा. रामअवतार खेतान चयन भएका छन् । त्यसैगरि सञ्चालक समितिको उपाध्यक्षमा हरिप्रसाद गौतम, कोषाध्यक्ष सुरेशकुमार रुङगटा, सदस्यहरूमा बेदबहादुर कार्की र बर्जित कौर रहेका छन्। सात सदस्यि समितको सदस्य सचिवमा क्याम्पस प्रमुख किशोरी राय रहनुभएको छ भने सल्लाहकारमा जयप्रकाश खेतान रहनु भएको क्याम्पस प्रमुख रायले जानकारी गराएका छन्।

यस पटक सञ्चालक समितिमा वीरगंज उद्योग बाणिज्यसंघ लगायत समाजका विभिन्न क्षेत्र एवं तह र तप्कालाई समेत समेटिएको हरिखेतान क्याम्स प्रमुख रायले बताए।

# जगरनाथपुर गाउँपालिकाको २०८३/०८४ को नीति तथा कार्यक्रम सार्वजनिक



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकाले आर्थिक वर्ष २०८३÷८४ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । मधेश प्रदेशमै पहिलो आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिका वडा नं. ५ स्थित कृषि तथा पशुपन्छी सेवा केन्द्रको सभा हलमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले नीति तथा कार्यक्रम प्रस्तुतिकरण कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले आगामी आर्थिक वर्षमा पनि शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकताका साथ अघि बढाइने बताए।

उनले सहुलियत दरमा पालिका औषधि पसल सञ्चालन, औराहा स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार, खाल्डामुक्त पालिका अभियानअन्तर्गत सडक एम्बुलेन्स सञ्चालनलगायतका नयाँ कार्यक्रम समावेश गरिएको जानकारी दिए।

# करेन्ट लागेर बालिकाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको देवाही गोनाही नगरपालिका–४ मा करेन्ट लागेर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही वडाको नदिपारी टोल निवासी बिजेन्द्र पटेलकी १२ वर्षीया छोरी वर्षा कुमारी पटेल रहेकी छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मङ्गलबार बिहान घरको धारामा नुहाउने क्रममा मोटरमा जडान गरिएको विद्युत् लाइनबाट करेन्ट लाग्दा उनी गम्भीर घाइते भएकी थिइन् । उपचारका लागि तत्काल सुकदेव चोकस्थित नेपाल तराई सिटी अस्पताल लगिएको भए पनि चिकित्सकले जाँचका क्रममा मृत घोषणा गरेका थिए । प्रहरीका अनुसार धारामा जडान गरिएको मोटरको विद्युत् लाइनबाट करेन्ट प्रवाह हुँदा दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अतिक्रमित संरचना हटाउने कार्य रोक्न प्रदर्शन



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारका क्रममा भइरहेको संरचना हटाउने कार्य रोक्न माग गर्दै प्रभावित घरजग्गाधनी तथा स्थानीयवासीले मंगलबार काठमाडौंको माइतीघरमा प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरूले विकासका नाममा नागरिकलाई विस्थापित गर्ने काम स्वीकार्य नहुने भन्दै सडक विस्तारका क्रममा भइरहेको डोजर प्रयोग तत्काल बन्द गर्न माग गरेका छन् । उनीहरूले वीरगन्जको मेनरोडलाई शहरी मार्गका रूपमा कायम राख्नुपर्ने आवाज पनि उठाएका छन् । वीरगंज बचाऔं संघर्ष समितिका संयोजक कुन्दन रौनियारले प्रभावित पक्षलाई उचित मुआब्जा उपलब्ध गराउन माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको भए पनि लामो समयदेखि सुनुवाइ नभएको गुनासो गरे। उनले स्थानीयवासीको अधिकार र हितलाई ध्यानमा राख्दै मेनरोड विस्तार सम्बन्धी निर्णय पुनर्विचार गर्नुपर्ने बताएका छन्।

# लालबकैया नदी अवैध दोहनको चपेटामा

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको लालबकैया नदी यतिबेला अवैध दोहनको चपेटामा परेको छ । स्थानीय सरकारले समयमै टेण्डर नगर्दा स्थानीय केही खोलाबाट माफियाहरुले फाइदा उठाउने मौका पाईरहेका छन्। कानुनी रूपमा टेण्डर प्रक्रिया नै पूरा नभएको अवस्थामा पनि नदीका विभिन्न घाटबाट दैनिक सयौं ट्र्याक्टरले ढुंगा, गिटी र बालुवा निकासी भईरहेको स्थानीय बताउँछन् । सामान्य चोरीझैं लुकेर नभई प्रहरी, केही जनप्रतिनिधि र तस्करबीचको कथित 'सेटिङ' मै खुलेआम नदी दोहन हुने गरेको ुसमाचार स्रोतको दावी छ।

गुजरा नगरपालिका र फतुवा विजयपुर नगरपालिका क्षेत्रका जंगलसहिया, सिमरी, राँगी र बोटावा घाटमा बिहानदेखि रातिसम्म नदीजन्य पदार्थ उत्खनन भइरहेको स्थानीय बताउँछन्।

# वीरगंज नाका मार्फत दलहन आयातमा कमी

**मधेशदृष्टि**
**वीरगंज।**
चालु आर्थिक वर्षको पहिलो १० महिनामा वीरगंज नाकामार्फत दलहन आयतमा कमि आएको छ। यस अवधिमा करिब ७ अर्ब ९७ करोड रुपैयाँ बराबरको दलहन नेपाल भित्रिएको छ। विभिन्न सात प्रकारका गेडागुडी आयात भए पनि समग्र आयात अघिल्लो वर्षको तुलनामा उल्लेख्य रूपमा घटेको देखिएको छ । वीरगंज भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको सोही अवधिमा १० अर्ब २१ करोड रुपैयाँ बराबरको दलहन आयात भएको थियो। यस वर्ष भने करिब २ अर्ब २४ करोड रुपैयाँ अर्थात २२ प्रतिशतले गिरावट आएको हो । सूचना अधिकारी उदयसिंह विष्टका अनुसार सबैभन्दा बढी आयात हुने मुसुरो दालमा नै ठूलो कमी आएको छ।

चालु वर्षमा ३ अर्ब २० करोड रुपैयाँ बराबरको मुसुरो आयात भएको छ, जुन गत वर्षको ४ अर्ब ५० करोडको आयात भएको थियो । यसैगरी चालु आवमा २ अर्ब ४ करोड रुपैयाँ बराबरको सिमी÷राजमा आयात हुँदा गत वर्ष सोही अवधिमा २ अर्ब ७४ करोड रुपैयाँको आयात भएको थियो।

चनाको आयात पनि घटेर १ अर्ब ९२ करोडमा सीमित भएको छ, जबकि गत वर्ष २ अर्ब १७ करोड रुपैयाँ बराबरको चना भित्रिएको थियो।

# नेपाल प्रहरी प्रदेश कार्यालय वीरगंजका एसएसपी कोइरालाको सरुवा

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरी प्रदेश कार्यालय वीरगंजका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) शान्तिराज कोईरालाको सरुवा भएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय नक्सालले जेठ १८ गते गरेको सरुवा निर्णयअनुसार एसएसपी कोईरालालाई काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथमा सरुवा गरिएको हो।

कोईरालाको स्थानमा नेपाल प्रहरी प्रधान कार्यालयको प्रदेश समन्वय विभाग, नक्सालमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक कृष्णबहादुर पल्ली मगरलाई प्रदेश प्रहरी कार्यालय वीरगंजको प्रमुखका रूपमा सरुवा गरिएको छ । प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको सरुवा सूचीअनुसार गृह मन्त्रालयको निर्णयबमोजिम देशभरका ३३ जना वरिष्ठ प्रहरी उपरीक्षकहरूको सरुवा गरिएको जनाएको छ।

# लागूऔषध नियन्त्रणसम्बन्धी सचतेना अनुशिक्षण

**मधेशदृष्टि**
**वीरगंज।**
समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वडा प्रहरी कार्यालय श्रीपुर तथा सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा केन्द्र मुर्ली–श्रीपुरको आयोजनामा लागूऔषध नियन्त्रण सम्बन्धी सचेतनामूलक अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज–११ स्थित श्री नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा कक्षा ९ र १० का विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको थियो । प्रहरी सहायक निरीक्षक रूपेश प्रसाद कुशवाहाले लागूऔषध दुव्र्यसनका असर र बच्ने उपायबारे जानकारी गराएका थिए।

कार्यक्रममा केन्द्रका अध्यक्ष राम सर्राफले लागूऔषध नियन्त्रणका लागि सचेतना अभिवृद्धि आवश्यक रहेको बताए । विद्यार्थीमा लागूऔषधविरुद्ध चेतना जगाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ।

सम्पादकीय

# रवि लामिछानेको भारत भ्रमण र नेपाल–भारत सम्बन्धको भविष्य

हालै राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको भारत भ्रमण र उनले पाएको उच्चस्तरीय स्वागतले नेपाल–भारत सम्बन्धमा नयाँ आयाम थपेको छ। यो भ्रमण दुई देशबीचको सम्बन्ध सुदृढ गर्ने दिशामा महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। यद्यपि, यसैबीच प्रधानमन्त्री बालेन्द्र शाहले सीमा विवादबारे दिएको अभिव्यक्तिले कूटनीतिक वृत्तमा तरंग ल्याएको छ, जसले सम्बन्धको जटिलतालाई उजागर गरेको छ। यी दुई घटनाक्रमले नेपाल–भारत सम्बन्धको भविष्यलाई कसरी प्रभाव पार्छन् भन्ने विषयमा गहन विश्लेषण आवश्यक देखिन्छ।

रवि लामिछानेको भारत भ्रमणलाई भारतीय पक्षबाट दिइएको महत्वले दुई देशबीचको सम्बन्धमा सुधार आउने संकेत गरेको छ। भारतीय जनता पार्टीका अध्यक्षलगायत उच्च पदस्थ अधिकारीहरूसँगको भेटघाट र प्रधानमन्त्री नरेन्द्र मोदीसँगको सम्भावित भेटले भारतले नेपालसँगको सम्बन्धलाई नयाँ शिराबाट हेर्न चाहेको देखिन्छ। यो भ्रमणले दुई देशबीचको राजनीतिक र कूटनीतिक संवादलाई थप प्रगाढ बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। विशेषगरी, नेपालको एक प्रमुख राजनीतिक दलका नेताको रूपमा लामिछानेको भ्रमणले जनस्तरको सम्बन्धमा पनि सकारात्मक प्रभाव पार्न सक्छ।

यता, प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल–भारत सीमा विवादबारे दिएको अभिव्यक्तिले भने फरक खालको बहस सिर्जना गरेको छ। उनले भारतले मात्र नभई नेपालले पनि भारतीय भूमि अतिक्रमण गरेको हुन सक्ने र यस विवादमा चीन तथा बेलायतलाई पनि संलग्न गराउनुपर्ने धारणा व्यक्त गरेका छन्। यो अभिव्यक्तिलाई कतिपयले नेपालको सार्वभौमिकताको बलियो पक्षधरताका रूपमा लिएका छन् भने कतिपयले यसले कूटनीतिक जटिलता बढाउन सक्ने चिन्ता व्यक्त गरेका छन्। नेपालको परराष्ट्र मन्त्रालयले भने कालापानी, लिपुलेक र लिम्पियाधुरामा नेपालको अडान यथावत रहेको स्पष्ट पारेको छ।

यी दुई घटनाक्रमले नेपाल–भारत सम्बन्धमा दुई भिन्न दृष्टिकोण प्रस्तुत गर्दछन्। एकातिर, लामिछानेको भ्रमणले कूटनीतिक माध्यमबाट सम्बन्ध सुदृढ गर्ने प्रयासलाई जोड दिएको छ भने अर्कोतिर, शाहको अभिव्यक्तिले सीमा विवादजस्ता संवेदनशील मुद्दाहरूमा नेपालको अडानलाई अझ मुखर बनाउने संकेत दिएको छ। यी दुई दृष्टिकोण एकअर्काका पूरक हुन सक्छन् वा विरोधाभासी, त्यो भने आगामी दिनमा देखिनेछ। महत्वपूर्ण कुरा के हो भने, दुवै पक्षको उद्देश्य नेपालको राष्ट्रिय हित संरक्षण गर्नु नै हो, तर त्यसका लागि अपनाइने रणनीतिमा भिन्नता देखिन्छ।

अन्ततः, रवि लामिछानेको भारत भ्रमणले सम्बन्ध सुधारको आशा जगाएको छ भने प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्तिले सीमा विवादजस्ता दीर्घकालीन मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई पुनः प्रकाश पारेको छ। नेपाल–भारत सम्बन्धलाई अगाडि बढाउनका लागि दुवै देशले आपसी विश्वास, सम्मान र समझदारीका साथ काम गर्नुपर्छ। कूटनीतिक संवाद र जनस्तरको सम्बन्धलाई सुदृढ गर्दै, संवेदनशील मुद्दाहरूलाई खुला र इमान्दार छलफलमार्फत समाधान गर्नु नै दिगो सम्बन्धको आधारशिला हुनेछ।

# ‘नेपाल वेलनेस वर्ष’: सांस्कृतिक कूटनीतिको नयाँ अध्याय

विश्व आज अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पु¥याइरहेका छन्। तर यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि सङ्घर्ष गरिरहेको छ। आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव केवल आर्थिक, सैनिक वा प्राविधिक क्षमताले मात्र निर्धारण हुने अवस्था छैन। संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तरराष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन्। यही सन्दर्भमा नागरिक कूटनीति आज राज्य केन्द्रित कूटनीतिलाई पूरक मात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ। गौतमबुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करुणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन्। त्यसैले ‘नेपाल वेलनेस वर्ष २०२७’ लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमका रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पु¥याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तरराष्ट्रियस्तरमा प्रवद्र्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ। यसले ‘नेपाल वेलनेस वर्ष २०२७’ लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको सङ्केत गर्दछ। यस पृष्ठभूमिमा ‘नेपाल वेलनेस वर्ष २०२७’ केवल पर्यटन वर्ष होइन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनस्र्थापित गर्ने ऐतिहासिक अवसर हो। यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ।

सभ्यतागत शक्ति र समग्र स्वास्थ्य कूटनीतिको उदय
नेपालको अन्तरराष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचय मात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो। हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको सङ्गम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ। पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिक मात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो। यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमा समेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ। यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ। समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन। यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरु समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन्।

यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ। यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तरराष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ। समग्र स्वास्थ्य कूटनीति केवल सरकारी नीति वा पर्यटन प्रवद्र्धनको उपकरण मात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो। ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करुणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन्। त्यस्तै योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ। यी सबै तत्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई ‘आन्तरिक सन्तुलनमार्फत बाह्य विकास’ भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ।

**सौम्य शक्ति र नागरिक कूटनीतिको संस्थागत रूपान्तरण**

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन। यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो। यही कारणले आधुनिक अन्तरराष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ। गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि केवल ऐतिहासिक



–डिल्लीराज पौडेल

परिचय मात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तरराष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन। यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ। नागरिक कूटनीतिले अन्तरराष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ। यस सन्दर्भमा ‘नेपाल वेलनेस वर्ष २०२७’नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो। यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ।

यस प्रकार नागरिक कूटनीति केवल सहयोगी संरचना मात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो।

**आरोग्य पर्यटन, नीति रूपान्तरण र अन्तरराष्ट्रिय अवसर**

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनःपरिभाषित गर्ने नीति अघि सारेको छ। यो केवल शब्दगत परिवर्तन मात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्वपूर्ण रूपान्तरण हो। यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ। यस नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ। यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ।

विश्वव्यापी रूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ। अन्तरराष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्र गतिमा बढिरहेका पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन्। यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन्। यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत ‘ब्रान्डिङ’को उच्च स्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवद्र्धन र अन्तरराष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन्।

**अन्तरसभ्यतागत संवाद र विश्व शान्तिमा नेपालको भूमिका**

आजको विश्व गम्भीर सभ्यतागत तनाव, सांस्कृतिक विभाजन र राजनीतिक ध्रुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ। यस्तो परिस्थितिमा अन्तरराष्ट्रिय सम्बन्ध केवल शक्ति सन्तुलनको प्रश्न मात्र नभई विश्वास निर्माण, संवाद विस्तार र सहअस्तित्वको पुनःस्थापनाको प्रश्न बनेको छ। यही संवेदनशील विश्व सन्दर्भमा नेपालले एक विशिष्ट र ऐतिहासिक भूमिका निर्वाह गर्न सक्ने सम्भावना बोकेको छ। नेपाल संवाद, शान्ति र सहअस्तित्वको प्राकृतिक पुलका रूपमा स्थापित हुनसक्ने देश हो किनकि यसको सभ्यतागत संरचना नै विविधता र सहजीवनमा आधारित छ।

नेपाल पूर्व र पश्चिमका विचारधाराबीचको सङ्गमस्थल हो। यहाँ पूर्वीय ध्यान र दर्शन परम्परा मात्र होइन, आधुनिक विकास आकांक्षा र वैश्विक सहभागिताको दृष्टिकोण पनि सँगसँगै उपस्थित छन्। त्यस्तै, नेपाल प्रकृति र चेतनाबीचको सन्तुलनको प्रतीक हो। यही बहुआयामिक अवस्थाले नेपाललाई सभ्यताहरू जोड्ने पुलका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। विश्वलाई आज केवल आर्थिक साझेदारी होइन, सांस्कृतिक समझदारी र भावनात्मक पुनःसंवादको आवश्यकता छ। यस सन्दर्भमा ‘नेपाल वेलनेस वर्ष २०२७’ केवल पर्यटन वा राष्ट्रिय प्रवद्र्धनको कार्यक्रमका रूपमा सीमित रहँदैन। यो विश्व संवाद, शान्ति र मानव चेतनाको साझा मञ्च बन्नसक्ने रणनीतिक अवसर हो।

**नागरिक कूटनीति र गैरराज्य संस्थाहरूको भूमिका**

समकालीन अन्तरराष्ट्रिय सम्बन्धमा कूटनीति अब केवल राज्य संयन्त्रको एकल अधिकार क्षेत्रभित्र सीमित छैन। नागरिक समाज, विश्वविद्यालय, धार्मिक तथा आध्यात्मिक संस्था, युवा सञ्जाल, सांस्कृतिक अभियन्ता तथा प्रवासी समुदायहरूले अन्तरराष्ट्रिय सम्बन्ध निर्माणमा निर्णायक र दीर्घकालीन प्रभाव पार्ने भूमिका खेलिरहेका छन्। यसलाई नै नागरिक कूटनीति भनिन्छ, जसले कूटनीतिलाई राज्य केन्द्रित संरचनाबाट बाहिर निकालेर समाज, संस्कृति, शिक्षा र मानवीय सम्बन्धको तहमा विस्तार सक्दछन्। ‘नेपाल वेलनेस वर्ष २०२७’ ले यस नागरिक कूटनीतिको अभ्यासलाई व्यवस्थित, संरचित र राष्ट्रिय अभियानको रूपमा संस्थागत रूप दिन सक्ने ऐतिहासिक अवसर प्रदान गर्छ। यस अभियानमार्फत ध्यान, योग, सजगता, शिक्षा, सांस्कृतिक आदानप्रदान तथा शान्ति केन्द्रित कार्यक्रमहरूलाई अन्तरराष्ट्रियस्तरमा विस्तार गर्न सकिन्छ।

यस प्रक्रियामा प्रवासी नेपाली समुदाय विशेष रूपमा रणनीतिक शक्ति हो। विश्वका विभिन्न मुलुकहरूमा फैलिएको नेपाली डायस्पोरा केवल आर्थिक योगदानको स्रोत मात्र होइन, नेपाल र विश्वबीचको सांस्कृतिक र भावनात्मक पुल पनि हो। उनीहरूले आफ्नो बसोबास रहेका देशहरूमा नेपालको सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई प्रवद्र्धन गर्दै अनौपचारिक कूटनीतिक प्रतिनिधिका रूपमा काम गर्न सक्दछन्। यदि प्रवासी नेपाली समुदायलाई समग्र स्वास्थ्य, योग, ध्यान, सांस्कृतिक संवाद, शैक्षिक आदानप्रदान तथा अन्तरसांस्कृतिक सहकार्यका अभियानहरूसँग रणनीतिक रूपमा जोड्न सकियो भने, उनीहरूले नेपाललाई विश्वसँग जोड्ने अत्यन्त प्रभावकारी र दीर्घकालीन सांस्कृतिक कूटनीतिक नेटवर्क निर्माण गर्न सक्दछन्।

**आगामी बाटो**

‘नेपाल वेलनेस वर्ष २०२७’ लाई सफल, प्रभावकारी र दीर्घकालीन रूपमा रूपान्तरण गर्न संस्थागत, नीतिगत र संरचनात्मक तयारी अपरिहार्य हुनेछ। यस अभियानलाई केवल कार्यक्रमगत स्तरमा सीमित नराखी राष्ट्रिय विकास दृष्टिकोणको एक एकीकृत ढाँचाका रूपमा अघि बढाउन आवश्यक छ। यसका लागि राष्ट्रिय समग्र स्वास्थ्य परिषद् एक समन्वयकारी संस्थागत आधारका रूपमा विकास गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यक्रम कार्यान्वयन र अन्तरराष्ट्रिय सहकार्यबीचको समन्वय सुनिश्चित गर्नेछ।

त्यस्तै, हिमालय समग्र स्वास्थ्य परिपथले नेपालको भौगोलिक, सांस्कृतिक र आध्यात्मिक सम्पदालाई एकीकृत पर्यटन तथा अनुभव संरचनामा रूपान्तरण गर्ने रणनीतिक ढाँचा प्रदान गर्न सक्दछ।

अन्तरराष्ट्रिय अनुसन्धान सहकार्यले नेपाललाई केवल सेवा गन्तव्य होइन, समग्र स्वास्थ्य, ध्यान, योग, मानसिक सन्तुलन र चेतनामूलक जीवनशैलीसम्बन्धी ज्ञान उत्पादन तथा आदानप्रदानको केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ। समुदाय आधारित पूर्वाधार विकासले स्थानीय स्तरमा प्रत्यक्ष सहभागिता, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणलाई सुनिश्चित गर्नेछ। सार्वजनिक निजी साझेदारीले लगानी, नवप्रवर्तन र दिगो विकासबीचको सम्बन्धलाई संस्थागत रूप दिनेछ। यी सबै प्रयासहरूलाई सफल बनाउन सरकार, निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्था तथा अन्तरराष्ट्रिय साझेदारबीच एकीकृत समन्वय प्रणाली विकास गर्नु अत्यावश्यक छ। यदि बीसौँ शताब्दी शक्ति राजनीतिको शताब्दी थियो भने, एक्काइसौँ शताब्दी चेतना, संस्कृति र मानवीय सहअस्तित्वको शताब्दी बन्ने सम्भावना प्रबल छ। नेपालसँग त्यस शताब्दीलाई दिशा दिने सभ्यतागत आधार अझै जीवित छ।

नेपालसँग विश्वलाई केवल हिमाल देखाउने मात्र होइन, मानव चेतनाको अर्को सम्भावना देखाउने ऐतिहासिक अवसर पनि छ। यदि नेपालले आफ्नो सभ्यतागत सम्पदा, सांस्कृतिक शक्ति र चेतनामूलक जीवनदर्शनलाई दूरदर्शी नीति, संस्थागत तयारी र अन्तरराष्ट्रिय साझेदारीसँग जोड्न सक्यो भने, ‘नेपाल वेलनेस वर्ष २०२७’ केवल एक अभियान रहने छैन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य र मानवीय सहअस्तित्वको अग्रणी आवाजका रूपमा स्थापित गर्ने ऐतिहासिक मोड बन्न सक्नेछ। अब प्रश्न केवल नेपालले विश्वबाट के प्राप्त गर्छ भन्ने होइन। प्रश्न यो हो कि नेपालले विश्वलाई कस्तो दिशा दिन सक्दछ। ‘नेपाल वेलनेस वर्ष २०२७’ त्यस प्रश्नको सभ्यतागत उत्तर बन्न सक्दछ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सुशासनका योजना लैङ्गिक उत्तरदायी हुनुपर्छः भण्डारी



**काठमाडौँ ।**
राष्ट्रियसभाका उपाध्यक्ष लिलाकुमारी भण्डारीले देशको खाद्य सुरक्षा र जैविक विविधता सुशासनका योजना अनिवार्य रूपमा लैङ्गिक उत्तरदायी हुनुपर्नेमा जोड दिएकी छन् । प्राकृतिक स्रोत महिला अधिकार सञ्जाल र कृषि तथा खाद्य सङ्गठन नेपालको संयुक्त आयोजनामा मंगलबार आयोजित 'लैङ्गिक उत्तरदायी खाद्य सुरक्षा र जैविक विविधता सुशासनको प्रवद्र्धनमा संसदीय संवाद' विषयक एक दिने कार्यक्रममा भण्डारीले सो कुरा व्यक्त गरेकी हुन् ।

उपाध्यक्ष भण्डारीले ग्रामीण अर्थतन्त्र, खाद्य सुरक्षा एवं जैविक विविधताको संरक्षणमा महिलाको भूमिका महत्वपूर्ण रहको चर्चा गरिन् । उनले जलवायु परिवर्तनको असर खाद्य सुरक्षा र जैविक विविधतामा परिरहेको बताइन् । सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय र सहकार्यमार्फत रैथाने प्रविधिको प्रवद्र्धन, साना किसान एवं महिलाको क्षमता अभिवृद्धि र प्राकृतिक स्रोतमा उनीहरूको न्यायोचित अधिकार स्थापित गर्न कानुनहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा भण्डारीले जोड दिइन् ।

आयोजक संस्था प्राकृतिक स्रोत महिला अधिकार सञ्जालकी अध्यक्ष आरती पाठकको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रियसभा प्रतिनिधिसभा प्रदेशसभा सदस्य, स्थानीय सरकारका प्रतिनिधि, विषय विज्ञ, नीति निर्माता तथा विभिन्न सरोकारवाला निकायको उपस्थिति थियो । रासस

# कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भयो राष्ट्रियसभा बैठक



**काठमाडौँ ।**
राष्ट्रियसभाको बैठक आज बुधबार १२:१५ मा बस्नेगरी स्थगित भएको छ । कार्यसूचीमा प्रवेश नै नगरी बैठक स्थगित भएको छ । मंगलबारको बैठक सुरु हुनेबित्तिकै सांसदले प्रतिनिधिसभामा प्रधानमन्त्री वालेन्द्र शाहले सीमाका सम्बन्धमा दिएको वक्तव्यका सम्बन्धमा असहमति राख्दै सदनको कारबाही अगाडि बढ्न नसक्ने धारणा राखे ।

सभाध्यक्ष नारायणप्रसाद दाहालले पटकपटक सदनको कारबाही अगाडि बढाउन आग्रह गरेका थिए । उनले विभिन्न कार्यसूची अगाडि बढाउनुपर्ने अवस्था रहेको उल्लेख गर्दै बैठक सञ्चालनमा सहयोग गर्न सांसदहरूलाई अनुरोध गरेका थिए । सांसदहरूले असहमति प्रकट गरे ।

मंगलबारको बैठकमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउने कार्यसूची थियो । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले वक्तव्यसहित आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियो भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची थियो ।

त्यसैगरी, अर्थमन्त्री वाग्लेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम थियो ।

त्यसअघि सांसद पदमबहादुर परियारले राष्ट्रिय स्वाभिमानमाथि प्रश्न उठेको उल्लेख गर्दै प्रधानमन्त्रीले सदनमा आएर कुन ठाउँमा कति भूमि मिचिएको हो भनी प्रमाणसहित जानकारी दिनुपर्ने धारणा राखे । त्यस्तै, सांसद घनश्याम रिजालले प्रधानमन्त्रीको अभिव्यक्तिप्रति असहमति जनाएका थिए ।

सांसद रोशनी मेचेले नेपालले अहिलेसम्म एक इन्च पनि सीमा नमिचेको जिकिर गरिन् । सांसद महन्त ठाकुरले भारतको केही जग्गा उपभोग गरेको भए पनि मिचिएको भन्न नमिल्ने धारणा राखे । सांसद तुलप्रसाद विश्वकर्माले 'जमिन उपभोग गर्नु' र 'सीमा मिच्नु' नितान्त फरक कुरा भएकाले यसबारेमा थप प्रष्ट पार्नुपर्ने बताए ।

लामो समयदेखि लिम्पियाधुरा र लिपुलेकमा भारतीय सेना राखेर नेपालको भूमि भारतीय पक्षले अतिक्रमण गरेको उल्लेख गर्दै प्रधानमन्त्रीको अभिव्यक्तिले नेपाल–भारत सीमा समस्या समाधानमा जटिलता आउने तर्क गरे । रासस

# संसदमा प्रधानमन्त्री शाहको हाजिरी खोज्दै हर्क साम्पाङ



**काठमाडौं ।**
श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले संसद्मा प्रधानमन्त्री बालेन शाहको हाजिरी खोजेका छन् ।

प्रतिनिधिसभा नियमावलीको नियम ४ मा सभाको बैठकमा आसन ग्रहण गर्नुअघि प्रत्येक सदस्यले बैठक कक्ष बाहिर रहेको उपकक्षमा राखिएको हाजिरी पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमा उपस्थिति जनाउनु पर्ने व्यवस्था छ ।

'प्रधानमन्त्री ज्यू यहाँ आउँदाखेरि आजिर गर्नुभएको छ कि छैन ? यदि उहाँले हाजिर गर्नुभएको छैन भने उहाँ यो प्रतिनिधिसभाको सदस्य नरहेको ठहर हुन्छ ,'उनले भने । रासस

# प्रतिनिधिसभा बैठक जेठ २५ गते सम्मका लागि स्थगित



**काठमाडौं ।**
प्रतिनिधिसभा बैठक २५ गते बस्नेगरी स्थगित भएको छ । विपक्षी दलहरूले अवरोध गरेपछि सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाको अर्को बैठक २५ गते बस्नेगरी स्थगित गरेको घोषणा गरे ।

विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम सस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले बेल घेराउ गरेका थिए । उनीहरूले जेठ १७ गते प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधि सभा बैठकमा सांसदहरूसँगको प्रश्नोत्तर कार्यक्रममा 'नेपालले भारतको सिमा मिचेको छ' भनी दिएको अभिव्यक्तिबारे माफी माग्नुपर्ने अडान लिएका छन् ।

# सरकारी कामकाजमा स्थानीय भाषा प्रयोगको नीति कार्यान्वयनमा जोड

**धादिङ ।**
बागमती प्रदेश सरकारले तामाङ र नेपाल भाषा (नेवारी)लाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिएसँगै यसको व्यवहारिक व्यवहारिक कार्यान्वयनका लागि तयारी सुरु भएको छ ।

सरकारी कामकाजमा रैथाने भाषाको प्रयोगले सेवा प्रवाहलाई सरल, समावेशी र पारदर्शी बनाउन मद्दत पुग्ने अपेक्षासहित सरकारले कामकाजको भाषा कार्यान्वयनको नीति अगाडि सोरेको छ । सोहीअनुसार कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले सोमबार धादिङका स्थानीय तहका जनप्रतिनिधिहरूका लागि प्रशिक्षणसमेत दिइएको छ ।

भाषा आयोगका पूर्वकायममुकायम सचिव तथा शिक्षा र खेलकुद मन्त्रालयका उपसचिव डा लोकबहादुर लोप्चानले स्थानीय नागरिकले आफ्नै मातृभाषामा सरकारी सेवा पाउँदा राज्यप्रतिको अपनत्व र विश्वास बढी सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने भएकाले त्यसको कार्यान्वयनका लागि प्रशिक्षण कार्यक्रमलाई तीव्र पारिएको बताए ।

यहाँको धादिङबेँसीमा आयोजित प्रशिक्षणमा सरकारी कामकाजको भाषा कार्यान्वयनमा भाषा आयोग तथा अन्य निकायको भूमिकाबारे कार्यपत्र प्रस्तुत गर्दै उनले मातृभाषामा सेवा प्रवाह हुँदा नागरिकको राज्यप्रतिको पहुँच सहज बन्ने बताएका छन् ।

'सरकारी कामकाजमा स्थानीय भाषा प्रयोग गर्दा आमनागरिकले आफ्ना समस्या र आवश्यकता स्पष्टसँग राख्न पाउँछन् । यसले आपसी सद्भाव, सुशासन र राज्यप्रति अपनत्व बढाउँछ', डा लोप्चानले भने ।

नेपाल तामाङ घेदुङका पूर्वअध्यक्ष मोहन गोलेे तामाङले स्थानीय तहमा भाषिक अधिकार कार्यान्वयनका लागि अब अलमल नगरी तत्काल आवश्यक नीति, जनशक्ति र स्रोतसाधनको व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । सरकारी कामकाजमा मातृभाषाको प्रयोगले ओझेलमा परेका समुदायलाई राज्यको मूलधारमा ल्याउन मद्दत पुग्ने भन्दै उनले प्रदेश सरकारको निर्णयलाई स्थानीय सरकारले तदारुकताका साथ कार्यान्वयन गर्नुपर्ने बताए ।

नेवाः देय दबूका सत्यनारायण डङ्गोलले दुवै भाषाको संरक्षणमा तामाङ र नेवार समुदायबीच सहकार्य हुनुपर्ने बताएका छन् । सबै भाषाभाषी, वेशभूषा र संस्कृतिको संरक्षण गर्नु राज्यको दायित्व भएको स्पष्ट पार्दै उनले शिक्षा प्रणालीमा पनि स्थानीय भाषा शिक्षालाई जोड दिनुपर्ने धारणा राखेका छन् ।

नेपालको संविधानले सुनिश्चित गरेको भाषिक अधिकार र सरकारी कामकाजको भाषा ऐन कार्यान्वयनको योजना, चरण तथा अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै उनले स्थानीय सरकारलाई भाषामैत्री नीति र बजेट बनाउन आग्रह गरे ।

नेपाल भाषा र तामाङ भाषाको प्रयोगलाई पालिकास्तरमा संस्थागत गर्ने उद्देश्यले नेपाल तामाङ घेदुङ र नेवाः देय दबूको आयोजना तथा बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयको सहकार्यमा यहाँ प्रशिक्षण आयोजना गरिएको हो । प्रशिक्षणमा सहभागी जनप्रतिनिधिहरूले प्रदेश सरकारको निर्णयलाई आफ्नो पालिकामा पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् ।

आफ्नो क्षेत्रमा तामाङ र नेपाल भाषामा सेवा प्रवाह सुरु गर्न आवश्यक कार्यविधि र नीति बनाउने, अनुवादक तथा जनशक्ति व्यवस्थापन गर्ने विषयमा सकारात्मक ढङ्गबाट अघि बढ्ने उनहरूको भनाइ छ ।

बागमती प्रदेश सरकारले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लागू गर्ने निर्णय गरे पनि स्थानीय तहमा आवश्यक नीति, बजेट र जनशक्तिको अभावमा त्यसको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । रासस

# कांग्रेस केन्द्रीय अनुशासन समितिको बैठक जेठ २१ गते बस्ने

**काठमाडौँ ।**
नेपाली कांग्रेसले केन्द्रीय अनुशासन समितिको बैठक बोलाएको छ । पार्टीको केन्द्रीय अनुशासन समितिले मंगलबार एक विज्ञप्ति जारी गर्दै बैठक आह्वान गरिएको जानकारी दिएको हो ।

विज्ञप्तिअनुसार बैठक आगामी २१ जेठ बिहीबार दिउँसो १ बजे पार्टीको केन्द्रीय कार्यालय, सानेपामा बस्ने तय भएको छ ।

बैठकमा समितिका संयोजक एवं सदस्यहरूलाई अनिवार्य उपस्थित हुनका लागि निर्देशानुसार अनुरोध गरिएको पार्टीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । बैठकमा पार्टीभित्रको आन्तरिक अनुशासन, उजुरीहरूमाथिको छानबिन तथा संगठन सुदृढीकरणका विषयमा छलफल हुने जनाइएको छ ।

# न्याय क्षेत्रमा सुशासन कायम गर्न प्रतिबद्ध भएर लाग्छुः प्रधानन्यायाधीश



**काठमाडौँ ।**
प्रधान न्यायाधीश डा मनोजकुमार शर्माले न्याय क्षेत्रमा सुशासन कायम गर्न प्रतिबद्ध भएर लाग्ने बताएका छन् । मंगलबार संवैधानिक तथा न्यायिक पत्रकार मञ्चका पत्रकारहरूसँगको भेटमा उनले न्याय क्षेत्रको सुधार गरी सुशासन कायम गर्ने सबैलाई साथमा लिएर अगाडि बढ्ने बताएका हुन् ।

प्रधान न्यायाधिश डा शर्माले भने, "आमनागरिकले न्यायपालिकाप्रति राखेको अपेक्षा, स्वच्छ, निष्पक्ष, छिटो छरितो, गुणस्तरीय र प्रभावकारी न्याय सम्पादन एवम सुशासनसम्बन्धी विषयमा मैले कार्ययोजनामा नै राखेको छु । आकस्मिक रूपमा जिम्मेवारीमा आएको छु, सोहीअनुसार काम गरेर देखाउछु ।"

न्यायपालिकामा गर्नुपर्ने सुधारका विविध विषय समेटेर तयार गरिएको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना र कार्ययोजनालाई सुधारको मूल आधार बनाउने उनको भनाइ थियो ।

भेटमा मञ्चका अध्यक्ष कालिका खड्का, पूर्वअध्यक्षहरू यम वीरही, लीलाधर उपाध्याय, दुर्गा दुलालगायतले न्याय निष्पक्ष, सरल, छिटो हुनुपर्ने र आमजनताले न्यायको महसुस हुने गरी न्याय दिनुपर्नेलगायत विषयमा सुझाव दिएका थिए । रासस

# विपक्षी दलहरूले मागे प्रधानमन्त्रीको राजीनामा



**काठमाडौं ।**
प्रतिनिधि सभाको मंगलबारको बैठकमा प्रमुख प्रतिपक्षी दलहरूले प्रधानमन्त्री वालेन्द्र शाहको राजीनामा माग गरेका छन् । जेठ १७ गते प्रधानमन्त्रीले भारतीय भूमि नेपालले मिचेको छ भनेर दिएको अभिव्यक्तिलाई लिएर उत्पन्न विवादका कारण उनीहरूले प्रधानमन्त्रीबाट माफी माग्नुपर्ने वा राजीनामा दिनुपर्ने माग अघि सारेका हुन् ।

श्रमसंस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले प्रधानमन्त्रीले संसद्मा उपस्थित भएर हाजिर हुनुपर्ने नियमको उल्लेख गर्दै संविधानको धारा ७७ (१) ग अनुसार अनुपस्थितिमा पदमुक्त हुन सक्ने बताए ।

'प्रधानमन्त्रीजस्तो व्यक्तिले जेठ १७ गते राखेको अभिव्यक्ति सच्याउनुपर्छ,' साम्पाङले भने, 'नेपालले भारतको सीमा कहाँ–कहाँ मिचेको रहेछ भन्ने कुरा पुष्टि हुनुपर्छ । यदि गल्ती भएको छ भने तीन करोड नेपालीसामु उभिएर माफी माग्नुपर्छ ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद खुश्बु ओलीले नेताको बचाउमा देशकै विरुद्ध प्रमाण बटुल्ने प्रवृत्तिको आलोचना गरिन् । 'आजभोलि केही मानिसहरू नेताले बोलेको कुराको बचाउ गर्न देशकै विरुद्ध प्रमाण बटुल्न हिँडेका छन्,' ओलीले भनिन्, 'संसद्मा बोलेको कुरा अपरिवर्तनीय कूटनीतिक छापका रूपमा रहन्छ । त्रुटि भएको छ, प्रधानमन्त्री पनि नयाँ हुनुहुन्छ ।'

नेकपा प्रमुख सचेतक युवराज दुलालले प्रधानमन्त्रीले यति संवेदनशील विषयमा मौन बस्न नहुने बताए । 'यो सानोतिनो विषय होइन । प्रधानमन्त्रीले संसद्मा आएर माफी माग्नुपर्छ,' दुलालले भने, 'यदि यति गम्भीर विषयमा गल्ती स्वीकार गर्न तयार हुनुहुन्न भने राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्छ ।'

दुलालले सभामुख डोलप्रसाद अर्याललाई पनि सबै दलका शीर्ष नेतासँग छलफल गरी संसद् चलाउन पनि आग्रह गरे । प्रधानमन्त्री शाहको उक्त अभिव्यक्तिले भारतसँगको सीमा विवादलाई नयाँ रूपमा उजागर गरेको छ ।

विपक्षीहरूले सरकारले सदनलाई प्रष्ट जवाफ दिनुपर्ने माग गरेका छन् । तर यो विषयमा सत्तापक्षबाट ठोस र औपचारिक जवाफ संसद्मा आइसकेको छैन । रासस

# नेपाल एसियन गेम्सका निम्ति छनोट



**काठमाडौं ।**
मलेसियाले एसियन गेम्स पुरुष क्रिकेटको छनोटमा चीनविरुद्ध ९ विकेटको सहज जित दर्ता गरेको छ । यो नतिजापछि समूह 'ए' बाट मलेसियासँगै नेपालले पनि एसियन गेम्समा स्थान पक्का गरेको छ । चीनको यो लगातार दोस्रो हार हो । यसअघि चीन नेपालसँग २२१ रनले पराजित भएको थियो । मंगलबार सिंगापुर नेसनल क्रिकेट ग्राउन्डमा चीनले प्रस्तुत गरेको ८५ रनको लक्ष्य मलेसियाले ७.५ ओभरमा एक विकेट मात्रै गुमाएर पूरा गऱ्यो । मलेसियाका कप्तान मोहम्मद हाजिक आइमानले अविजित ४४, अस्लाम खानले १८ र मोहम्मद अक्रमले अविजित १० रन जोडे ।
चीनका लागि एकमात्र विकेट टियान सिन क्वानले लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको चीनले निर्धारित २० ओभर नौ विकेट गुमाएर ८४ रनको योगफल तयार पारेको थियो । चीनका शेनजियान झेङले २९ र याङ वाङ्जीले १८ रन बनाए । अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । मलेसियाका विजयी उन्नीले चार विकेट लिए । पवनदीप सिंहले दुई विकेट हात पार्दा सायद अजिज र वीरनदीप सिंहले समान एक विकेट लिए ।
यो नतिजासँगै समान दुई अंक जोडेका मलेसिया र नेपालले एक खेलअगावै सेमिफाइनलमा स्थान बनाएका हुन् । छनोटको सेमिफाइनलमा पुग्ने टोली जापानमा हुने एसियन गेम्सका लागि छनोट हुने प्रावधान छ । अब समूह चरणको अन्तिम खेलमा बिहीबार नेपाल र मलेसियाले प्रतिस्पर्धा गर्नेछन् । यो खेलले समूह विजेताको टुंगो लगाउनेछ । रासस

# समुद्री विवादमा कम्बोडियाको राष्ट्रसङ्घीय कदम



**नोम पेन्ह ।**
करिब ३०० अर्ब डलर मूल्यको अनुमान गरिएको समुद्री ऊर्जा भण्डारमाथिको विवाद थप जटिल बन्दै जाँदा कम्बोडियाले थाइल्यान्डसँगको समुद्री दाबी टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घीय प्रक्रियाको औपचारिक बाटो समातेको छ । कम्बोडियाले मङ्गलबार संयुक्त राष्ट्रसङ्घ समर्थित मध्यस्थता संयन्त्र सक्रिय गर्दै समुद्री कानूनअन्तर्गत विवाद समाधान प्रक्रिया सुरु गरेको घोषणा गरेको हो ।
थाइल्यान्डको खाडी क्षेत्रमा पर्ने ओभरल्यापिङ समुद्री दाबी, ऊर्जा अन्वेषण र सीमाङ्कनसम्बन्धी मतभेदका कारण दुई दक्षिणपूर्वी एसियाली छिमेकीबीच दशकौँदेखि तनाव रहँदै आएको छ । विवाद केवल समुद्री सीमामा सीमित नभई करिब ८०० किलोमिटर लामो स्थलसीमाको सीमाङ्कनसमेत लामो समयदेखि असहमतिका केन्द्रमा रहँदै आएको छ । यसलाई फ्रान्सेली औपनिवेशिक कालको अपूर्ण सीमारेखाको विरासत मानिन्छ । कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले राज्य सञ्चालित टिभिकेमार्फत सम्बोधन गर्दै आफ्नो सरकारले थाइल्यान्ड र संयुक्त राष्ट्रसङ्घका महासचिवलाई औपचारिक सूचना पठाएर समुद्री कानूनसम्बन्धी संयुक्त राष्ट्र महासन्धि (युएनसिएलओएस) अन्तर्गत 'अनिवार्य मेलमिलाप कार्यवाही' सुरु गर्ने निर्णय गरेको जानकारी दिए ।
हामीले अन्तर्राष्ट्रिय कानूनअनुसार कम्बोडियाको सार्वभौमिकता र समुद्री अधिकारको रक्षा गर्न यो कदम चालेका छौँ, हुन मानेटले भने । उनका अनुसार अन्तर्राष्ट्रिय विशेषज्ञ मेलमिलापकर्ताको निगरानीमा हुने प्रक्रिया दुवै देशका लागि निष्पक्ष र दीर्घकालीन समाधानतर्फको अवसर हुन सक्छ । यो कदम थाइल्यान्डले गत महिना सन् २००१ मा हस्ताक्षर भएको द्विपक्षीय समझदारी सम्झौता रद्द गरेपछि आएको हो । 'एमओयु–४४' भनेर चिनिने उक्त सम्झौतालाई ओभरल्यापिङ समुद्री दाबी र ऊर्जा अन्वेषणसम्बन्धी सहकार्यको आधार मानिन्थ्यो । थाई प्रधानमन्त्री अनुतिन चार्नविराकुलले आफ्नो सरकारले लामो समयदेखि कार्यान्वयनमा गतिरोध देखिएको भन्दै उक्त समझदारी खारेज गरेको बताउनुभएको थियो । त्यसपछि कम्बोडियाले विवादलाई द्विपक्षीय वार्ताबाट बाहिर निकालेर संयुक्त राष्ट्रसङ्घीय संरचनाभित्र लैजाने तयारी अघि बढाएको हो । युएनसिएलओएसका पक्ष राष्ट्र भएकाले कम्बोडिया र थाइल्यान्ड दुवै अन्तर्राष्ट्रिय समुद्री कानूनको दायराभित्र छन् ।
कम्बोडियाले यही कानूनी आधारलाई प्रयोग गर्दै विवाद समाधानका लागि अन्तर्राष्ट्रिय संयन्त्रको सहयोग खोजेको हो । यता, थाइल्यान्डको विदेश मन्त्रालयले मङ्गलबार एएफपीको टिप्पणी अनुरोधमा तत्काल प्रतिक्रिया दिएको छैन । तर आर्थिक पक्षले भने विवादको संवेदनशीलता अझ बढाएको छ । थाइल्यान्डको ऊर्जा मन्त्रालयका अनुसार दुवै देशको दाबी परेको समुद्री क्षेत्रमा रहेको तेल र प्राकृतिक ग्यासबाट भविष्यमा करिब ३०० अर्ब अमेरिकी डलर बराबरको आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।
दुई देशबीचको तनाव पछिल्ला महिनाहरूमा समुद्री मुद्दाभन्दा बाहिर गएर सीमा सुरक्षामा पनि फैलिएको थियो । जुलाई र डिसेम्बरमा भएका दुई चरणका घातक सीमा झडपपछि दुवै पक्ष युद्धविराममा सहमत भएका थिए । तर त्यसयता एकअर्कामाथि युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउने क्रम रोकिएको छैन ।
लामो समयदेखि जारी सीमा विवाद हिंसात्मक सङ्घर्षमा परिणत हुँदा दर्जनौँ मानिस मारिएका थिए । लडाइँका क्रममा दुवै पक्षले थाइल्यान्डको नियन्त्रणमा रहेको सीमावर्ती क्षेत्रका विभिन्न स्थान खाली गरेका थिए ।
कम्बोडियाले विवादित क्षेत्रबाट थाई सेना फिर्ता लिन निरन्तर माग गर्दै आएको छ । साथै, सीमा तनावका क्रममा ऐतिहासिक सम्पदा मन्दिरहरूमा पुगेको क्षतिका लागि कम्बोडियाले थाइल्यान्डको आलोचना पनि गर्दै आएको छ । समुद्री ऊर्जा स्रोत, सीमा नियन्त्रण र ऐतिहासिक विवादले गाँसिएको यो द्वन्द्व अब संयुक्त राष्ट्रसङ्घीय प्रक्रियामा प्रवेश गरेसँगै दक्षिणपूर्वी एसियाको अर्को जटिल भू–राजनीतिक मुद्दाका रूपमा थप अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्ने सङ्केत देखिएको छ । रासस

# विषादीरहित तरकारी उत्पादन गर्दै किसान

**काठमाडौं ।**
कैलालीको टीकापुर र जानकीका किसानको बारीमा फलेको तरकारी खानयोग्य पाइएको छ । विषादी अवशेष दुरत विश्लेषण प्रयोगशाला एकाइ अत्तरियाले टीकापुर र जानकीमा व्यावसायिक रूपमा खेती गरिरहेका १४ किसानको बारीका तरकारीको नमूना सङ्कलन गरी 'कार्वामेट' र 'अर्गानोफस्फेट' समूह कीटनाशक विषादीको प्रयोग परीक्षण गर्दा तरकारी खानयोग्य पाइएको हो ।
प्रयोगशालाले किसानका बारी र हाटबजारमा बिक्रीमा राखिएका तरकारीको नमूना सङ्कलन गरेको थियो । त्यसक्रममा काक्रो, हरियो फर्सी, भिण्डी, तितेकरेला, लौका, खुर्सानी, गोलभेडा, तरभुजा, बोडी, घिरौला, बन्दागोभीलगायतका तरकारीको परीक्षण गरेको हो । परीक्षण गर्दा कार्वामेटको रोकावट प्रतिशत चार दशमलव ६७ सम्म र अर्गानोफस्फेट अन्य तरकारीमा रोकावट प्रतिशत नौ दशमलव आठ प्रतिशतसम्म भेटिएको थियो भने बोडीमा ३३ दशमलव ३७ रोकावट प्रतिशत भेटिएको छ ।
विषादी अवशेष दुरत विश्लेषण प्रयोगशाला एकाइ अत्तरियाका नायब प्राविधिक सहायक राजेन्द्रप्रसाद भट्टले अर्गानोफस्फेटको प्रयोग ३५ प्रतिशतभन्दा कम भए खानयोग्य र त्यसमाथि भए स्वास्थ्यका लागि खान अयोग्य हुने बताए । 'रोकावट प्रतिशत ३५ भन्दा कम भए उपभोग गर्न योग्य, ३५ देखि ४५ प्रतिशतसम्म भए केही दिन क्वारेन्टाइनमा राख्नुपर्ने हुन्छ', उनले भने, '४५ प्रतिशतमाथि देखिएमा सोही ठाउँमा बिर्सजन गर्नुपर्ने व्यवस्था छ ।'
यहाँ मानव स्वास्थ्य र माटो संरक्षणका लागि किसानले विषादीरहित तरकारीखेती गरिरहेका छन् । गुड नेभर्स इन्टरनेशनल नेपालले सेवक नेपाल कैलालीको साझेदारीमा एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत प्राकृतिक खेतीका लागि टीकापुर, जानकी र लम्कीचुहामा



किसानलाई सघाइरहेको छ । परियोजनाले स्वच्छ माटो, सुरक्षित बाली र स्वस्थ जीवनका लागि प्राकृतिक खेतीका लागि प्रोत्साहन गरिरहेको जनाइएको छ । परियोजनाका 'कलस्टर' संयोजक अरुण चौधरीका अनुसार तीन वर्षदेखि सञ्चालित परियोजनामा यसअघि तीन सय जना किसान आबद्ध रहेकामा यस वर्ष थप तीन सय गरी छ सय किसानले ५० बिघा जमिनमा प्राकृतिक खेती गरिरहेका छन् । परियोजनामाफर्त किसानलाई आवश्यक बीउबिजन, कृषि सामग्री र तालिम दिने गरिएको छ । यसले उपभोक्ताको स्वास्थ्य र किसानको आयआर्जनमा सहयोग भइरहेको परियोजनाका कलस्टर संयोजक चौधरीले बताउनुभयो । यसरी खेती गरिरहेका किसानले एउटै सिजनमा लाखौँ आम्दानी गरिरहेका छन् । छापो राख्ने, खनजोतबिना वा न्यूनतम खनजोत, कम्पोष्ट मल प्रयोग र सूक्ष्म जीवको वृद्धि गर्ने चार सिद्धान्तमा आधारित रहेर काम गर्न प्रोत्साहन गरिरहेका छौँ, उनले भने ।
किसानलाई जिम्मेवार बनाउन समय समयमा तरकारीमा विषादीको मात्रा परीक्षण गर्ने गरिएको छ । जानकी गाउँपालिकाकी किसान पशुपति चौधरी विगतमा परीक्षण नहुँदा तरकारीमा अन्धाधुन्द विषादी छर्ने गरिएकामा अचेल पिना, गोबर मल र जैविक मलको प्रयोग गरिरहेको बनाए । उनले दुई कट्ठामा तरकारी गरिरहेका छन् । 'परियोजनाले तालिम तथा आवश्यक सहयोग गरेपछि विषादी प्रयोगबारे सचेत भएकी छु । यसले उपभोक्तामा पनि सकारात्मक सन्देश गएको छ', चौधरीले भने । अर्का किसान रामनारायण चौधरीले आफूले १५ कट्ठा जमिनमा तरकारीखेती गर्दा दैनिक रु दुई हजारसम्मको तरकारी बिक्रीबाट लाभ लिइरहेको बताए । उनले जग्गा भाडामा लिएर तरकारीखेती गरिरहेका छन् । हाम्रो बारीमा विषादी प्रयोग नगरिएको तरकारी पाइन्छ । आजभोलि गाउँका मानिस पनि अर्गानिक तरकारी पाइन्छ भनेर बारीमै किन्न आउँछन् । यस वर्ष काक्रो मात्रै ४० क्विन्टलभन्दा बिक्री गरे । उत्पादनको बजारीकरणका लागि कुनै समस्या छैन, चौधरीले सुनाए ।
अर्का किसान श्यामसुन्दर चौधरीले छ कट्ठा जमिनमा व्यावसायिक तरकारीखेती गरेर लाभ लिइरहेको बताए । उनले भने, 'बाली रोप्नुअघिदेखि नै माटो संरक्षणमा ध्यान दिने गरेका छु । यसबाट हुने उत्पादनले परिवार, आमउपभोक्ता र माटोको स्वास्थ्य सुधारमा पनि योगदान पुगेको छ । विषादी प्रयोग गर्न छोडेपछि धेरै फाइदा हुँदो रहे छ नि' उनले यस वर्ष रु ५० हजारको टमाटर र रु ४० हजारको काक्रा बिक्री गरेको जानकारी दिए । जानकी गाउँपालिकाका कृषि प्राविधिक चक्रप्रसाद भाट अब उपभोक्ता पनि विषादीरहित तरकारीबारे सचेत हुनुपर्ने बताउनुहुन्छ । विषादीरहित तरकारीमा दाग, किरा लागेको भए पनि स्वास्थ्यका लागि राम्रो हुने उहाँको भनाइ छ ।
कृषि प्राधिधिक भाटले भने, उपभोक्ता आकर्षक र चिल्लो देखिने तरकारी मन पराउँछन्, तर त्यसको स्वास्थ्य लाभबारे ध्यान दिँदैन ।
अब प्रयोगबारे उपभोक्ता र विषादी न्यूनीकरण र सुरक्षित खाद्य तत्व संरक्षणका लागि किसान सचेत हुनुपर्ने आवश्यकता छ । माटोको उर्वरा शक्ति बढाउन, उत्पादन वृद्धि र जैविक जीवाणु संरक्षण तथा स्वस्थ तरकारी उत्पादनमा जैविक प्राकृतिक खेतीमा लाग्न आफूहरूले किसानलाई सचेत गराउँदै आएको उनले बताए । रासस

# भारत–अमेरिका व्यापार सम्झौता नजिक

**नयाँदिल्ली ।**
भारत र संयुक्त राज्य अमेरिका पहिलो चरणको द्विपक्षीय व्यापार सम्झौतामा लगभग अन्तिम चरणमा पुगेको वाणिज्य मन्त्रीले जानकारी दिएको छ । दुवै देशबीच लामो समयदेखि जारी वार्ता तीव्र बनेसँगै प्रारम्भिक सम्झौताको 'करिब ९९ प्रतिशत' काम पूरा भइसकेको दाबी गरिएको छ । अमेरिकी प्रतिनिधिमण्डल दक्षिण र मध्य एसियाका लागि सहायक अमेरिकी व्यापार प्रतिनिधि ब्रेन्डन लिन्चको नेतृत्वमा मङ्गलबार नयाँदिल्ली पुगेपछि तीन दिनसम्म औपचारिक वार्ता सुरु भएको हो । यो वार्तालाई दुवै देशबीच व्यापारिक सम्बन्धलाई नयाँ चरणमा पुऱ्याउने निर्णायक प्रयासका रूपमा हेरिएको छ ।
भारतीय वाणिज्य मन्त्री पियुष गोयलले सोमबार नयाँदिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै अधिकांश विवादित विषयहरू समाधान भइसकेको बताए । उनका अनुसार अब करिब ९९ प्रतिशत मुद्दा टुङ्गो लागिसकेको छ र केवल केही प्राविधिक तथा अन्तिम विवरणहरूमा छलफल बाँकी छ । भारत र अमेरिका यसअघि फेब्रुअरीमा व्यापार सम्झौताको



प्रारम्भिक समझदारीमा पुगेका थिए । तर अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पका केही व्यापक करसम्बन्धी निर्णयहरूलाई खारेज गरेपछि वार्ता केही समय सुस्त बनेको थियो । त्यसपछि अमेरिकी प्रशासनले भारतसहित विभिन्न देशहरूमा अनुचित व्यापार अभ्याससम्बन्धी अनुसन्धान सुरु गर्नुका साथै १० प्रतिशत शुल्क लागू गरेको थियो । मन्त्री गोयलका अनुसार हालको वार्तामा विशेषगरी हालैका अमेरिकी कानूनी परिवर्तनहरूलाई अन्तिम सम्झौताको पाठमा कसरी समावेश गर्ने भन्ने विषयमा विस्तृत छलफल भइरहेको छ । उनले दुवै पक्षले कानूनी र प्राविधिक पक्षहरूको मिलानमा ध्यान दिइरहेको बताए ।
म पूर्ण रूपमा विश्वस्त छु कि हामी संयुक्त राज्य अमेरिकासँग द्विपक्षीय व्यापार सम्झौताको पहिलो भाग समाप्त गर्नेछौँ र हस्ताक्षर गर्नेछौँ, गोयलले भने । उनका अनुसार त्यसपछि अझ विस्तृत र व्यापक व्यापार सम्झौताको दोस्रो चरणमा छलफल अघि बढाइनेछ । वार्ताको सूक्ष्म पक्षबारे टिप्पणी गर्दै 'साना विवरणहरू, अनिवार्य रूपमा अल्पविराम र पूर्ण विरामहरूमा छलफलहरू जारी छन्, उनले भने । यसले अन्तिम मस्यौदामा प्राविधिक भाषा मिलानमा केन्द्रित काम भइरहेको सङ्केत गर्छ ।
यसैबीच, अमेरिकी राजदूत सर्जियो गोरले गत हप्ता नै आगामी केही हप्ताभित्र अन्तरिम व्यापार सम्झौतामा हस्ताक्षर हुन सक्ने अपेक्षा व्यक्त गरेको थियो । यसले दुवै देशबीच राजनीतिक तथा आर्थिक तहमा सहमति लगभग अन्तिम चरणमा पुगेको सङ्केत दिएको छ ।
वासिङ्टन र नयाँदिल्लीले सन् २०३० सम्ममा द्विपक्षीय व्यापारलाई ५० हजार करोड अमेरिकी डलरसम्म पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य राखेका छन् । त्यसका लागि बजार पहुँच विस्तार र कर विवाद समाधानलाई प्राथमिकता दिँदै मार्चदेखि निरन्तर वार्ता हुँदै आएको छ ।
भारतले भने यो सम्झौताले आफ्नो निर्यातकर्ताका लागि विशाल अमेरिकी बजारमा पहुँच विस्तार गर्ने अपेक्षा राखेको छ भने संवेदनशील दुग्ध तथा कृषि क्षेत्रको संरक्षणलाई पनि प्राथमिकतामा राखिएको स्पष्ट पारेको छ । भारतका अनुसार करिब ३० लाख करोड डलर बराबरको बजार अवसर खुल्ने सम्भावना यस सम्झौतासँग जोडिएको छ । रासस

# आधुनिक मौरीघार बनाउन किसानलाई तालिम

**भोजपुर ।**
जिल्लाको टेम्केमैयुङ गाउँपालिका–१ तिम्माका किसानलाई आधुनिक मौरीघार निर्माणसम्बन्धी तालिम सञ्चालन गरिएको छ । स्थानीयस्तरमै सीप विकास गरी व्यावसायिक मौरीपालनलाई प्रवद्र्धन गर्ने उद्देश्यले यहाँका २० किसानलाई तालिम दिइएको हो । हालै सम्पन्न तालिममा सहभागीलाई सात दिनसम्म आधुनिक प्रविधिमा आधारित मौरीघार निर्माण गर्ने विधि, मौरी व्यवस्थापन, मौरीका रोग तथा कीरा नियन्त्रण, मह उत्पादन र बजार व्यवस्थापनसम्बन्धी ज्ञान तथा सीप



प्रदान गरिएको छ । तिम्मा क्षेत्र प्राकृतिक हिसाबले मौरीपालनका लागि उपयुक्त मानिन्छ । यहाँ नजिकै जङ्गल, विभिन्न प्रजातिका फूल, बिरुवा तथा स्वच्छ वातावरण रहेकाले मौरीका लागि आवश्यक चरन क्षेत्र सहज रूपमा उपलब्ध छ । मौरीपालन व्यवसायलाई दिगो रूपमा सञ्चालन गर्न सकिने सम्भावना रहेकाले यसतर्फ किसानलाई प्रोत्साहन गर्न तालिम दिइएको वडाध्यक्ष नरबहादुर राईले बताए ।
कृषिमा आधारित आयआर्जनका अवसर बढाउँदै स्थानीयलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ मौरीघार बनाउने तालिम सञ्चालन गरिएको उनले बताए । तिम्मा क्षेत्रमा मौरीपालनको राम्रो सम्भावना छ । हाल यहाँ परम्परागत रूपमा मौरीपालन भइरहेको छ । अब आधुनिक घार निर्माण र व्यवस्थापनसँग जोड्न सके यसबाट राम्रो आम्दानी लिन सकिन्छ भन्ने हाम्रो विश्वास छ । सोहीअनुसार तालिम दिएका हौँ, वडाध्यक्ष राईले भने ।
स्थानीय तहले आगामी दिनमा मौरीपालनलाई थप प्रवद्र्धन गर्न आवश्यक प्राविधिक सहयोग, सामग्री व्यवस्थापन तथा बजार पहुँचमा सहयोग गर्ने योजना बनाएको पनि उनले जानकारी दिए । स्थानीय मौरीपालक कृषक दीपेन्द्र राउतले तालिम लिएपछि अब आफैँ आधुनिक घार निर्माण गर्न सहज भएको बताए । तालिमका अवसरमा मौरीपालनसँगै आधुनिक घार निर्माणसम्बन्धी व्यवहारिक सीप हासिल गरेको उनले जानकारी दिए । व्यावसायिक मौरीपालनमार्फत मह उत्पादनसँगै मौरीबाट परागसेचनसमेत हुने भएकाले कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्ने कृषि विज्ञहरूको भनाइ छ । रासस

# बुटवल–नारायणगढ सडकमा यात्रा सहज बन्दै




**भैरहवा ।**
वर्षौंदेखि निर्माणका कारण जाम, धुलो र अस्तव्यस्ताको समस्या झेल्दै आएको बुटवल–नारायणगढ सडक खण्डमा सवारी आवागमन अब सहज बन्दै गएको छ । सडक विस्तारअन्तर्गत ढलान तथा स्तरोन्नतिको अधिकांश काम सम्पन्न भएसँगै यात्रुले राहत महसुस गर्न थालेका छन् ।
निर्माणाधीन सडकका प्रमुख भागमा ढलानको काम लगभग सकिएको र सवारीसाधन सञ्चालनका लागि सडक अवस्था सुधार भएकाले यात्रा अवधि छोटिएको छ । यसअघि घण्टौँसम्म जाममा बस्नुपर्ने अवस्था रहेकामा बुटवल–नारायणगढ यात्रा तुलनात्मक रूपमा सहज र छिटो भएको यात्रुले बताएका छन् ।
सडक विस्तार आयोजनाका अनुसार अधिकांश क्षेत्रमा ढलान तथा कालोपत्र सम्पन्न भइसकेको छ भने बाँकी काम अन्तिम चरणमा पुगेको छ । निर्माण कार्यले गति लिएसँगै सडकमा सवारीसाधनको चाप व्यवस्थापन हुन थालेको र आवागमनमा सुधार देखिएको छ ।
विसं २०७५ देखि विस्तारको काम सुरु भएको यस सडक खण्डमा निर्माण ढिलाइका कारण यात्रुले लामो समय सास्ती भोग्नुपरेको थियो । तर हाल काम सम्पन्नतर्फउन्मुख भएपछि यात्रु, व्यवसायी तथा यातायात व्यवसायीले राहत महसुस गरेका छन् । आयोजना पूरा भएपछि बुटवल–नारायणगढ सडक खण्डमा यात्रा अझ सुरक्षित, सहज र समय बचत हुने अपेक्षा गरिएको छ । रासस

# पाल्पामा सडक खाना महोत्सवः स्थानीय खाना र संस्कृतिमा झुम्मिए पर्यटक

**पाल्पा ।**
मखमलको चोली, गलामा पहेँलो पोते र परम्परागत झोला भिरेका मगर समुदायका महिलाहरु डालामा स्थानीय परिकारका बटुक, चकाउनी, बारा, सेलरोटी र अचार बिक्रीमा व्यस्त छन् । तानसेन नगरपालिका–६, बर्तुङमा आयोजना गरिएको सडक खाना महोत्सवमा उनीहरुले तयार पारेका पाकवानको स्वाद लिन आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो देखिन्छ ।
पर्यटकहरु सांस्कृतिक कार्यक्रममा रमाउँदै स्थानीय परिकारको स्वाद लिइरहेका थिए । महोत्सवको आकर्षणमा रैथाने खाना बटुक, चुकाउनी, हाँसको छोइला, पकौडा, चटामरी, मासको बारा, सेलरोटी, यःमरी, मेवाको अचारलगायत छन् । पछिल्लो समय 'फास्ट फुड'मा रमाउने युवाहरु पनि मौलिक खानाको स्वाद लिन व्यस्त देखिन्थे । बटुक, चुकाउनीलगायतका परिकार बनाउन व्यापारीलाई भ्याइ–नभ्याइ देखिन्थ्यो ।
महोत्सवमा विशेष गरी मगर र नेवारी समुदायलगायतका १५ भन्दा बढी परिकारका कक्ष राखिएको छ । दर्शकले स्थानीय खानाको स्वादसँगै विभिन्न जात जातिका भेषभुषा, नाचगान र स्थानीय राष्ट्रिय कलाकारको




प्रस्तुति सहित मनोरञ्जन समेत लिए । तानसेनको भीमसेनटोलमा पनि सडक खाना महोत्सवमा आयोजना गरिएको थियो । भीमसेन टोल विकास संस्थाको आयोजनामा भएको महोत्सवमा दर्शक तथा पर्यटकको उल्लेख्य सहभागिता रहेको जनाइएको छ । महोत्सवमा स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति, हस्तकलाका सामग्री तथा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमले सहभागीलाई आकर्षित गराएको आयोजकले जनाएको छ ।
स्थानीय मौलिक खानाका परिकार यःमरी, हाँसको छोइला, बटुक, सेलरोटी, चुकाउनीलगायतका परिकारका साथै स्थानीय कलाकारद्वारा नेवारी समुदायको धिमे र लाखे नाँच तथा मगर समुदायको घाटु र लिलि घोडा नाच प्रदर्शन गरिएको थियो । स्थानीय खानाको संरक्षण, खानाको खानाको प्रवद्र्धन र पर्यटन विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको जानकारी दिँदै भीमसेनटोलमा सञ्चालन हुँदै आएको खुला वाचनालयलाई व्यवस्थित गर्दै लैजानेमा जोड दिएको आयोजक भीमसेन टोल विकास संस्थाका अध्यक्ष प्रकाशनाथ गोंगलले बताए । टोलको सरसफाईलगायतका सामाजिक कामका लागि आवश्यक रकम जुटाउने उद्देश्यले महोत्सव आयोजना गरिएको उनको भनाइ छ ।
पछिल्लो समय सडकमा महोत्सव आयोजना गरी परम्परादेखि घरमा खाने परिकार आगन्तुकलाई खुवाउन महिला समूह, विभिन्न जातजाति सम्बद्ध समूह, टोल विकास संस्था सक्रिय छन् । स्थानीय मगर, नेवार, ब्राह्मण, क्षेत्री, कुमाल समुदायमा प्रचलित खानाका परिकार महोत्सवमा राखिने गरिएको छ । सडक खाना महोत्सव हुँदा विभिन्न खानाका परिकार चाख्न पाइएको तानसेनका स्थानीय मोहन श्रेष्ठले बताए । सडक महोत्सवले महिला तथा अन्य समूहको आम्दानीसमेत बढाएको उनको भनाइ छ ।
यसप्रकारका महोत्सवबाट स्थानीय खानाको प्रचारप्रसार हुनुका साथै आम्दानीमा टेवा पुगेको तानसेन–५, कैलाशनगरकी शान्ता ढकालको भनाइ छ । महोत्सवका लागि तानसेन नगरपालिकाले समेत सहयोग गर्दै नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए । सडक खाना महोत्सवले पर्यटन तथा व्यवसाय क्षेत्रमा आएको मन्दी कम गर्न सहयोग पुग्ने उनको भनाइ छ । रासस

# अछाममा रामारोशन स्काई रन २०२६ आयोजना हुने




**काठमाडौं ।**
नेपाल एड्भेन्चर रनिङ फेडरेसन (नार्फ) को आयोजनामा आगामी असार ३ मा सुदूरपश्चिम प्रदेशको प्रमुख पर्यटकीय क्षेत्र अछाममा रामारोशन स्काई रन २०२६ आयोजना हुने भएको छ । नार्फले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै सुदूरपश्चिमको प्राकृतिक सौन्दर्य, साहसिक खेलकुद, पर्यटन र स्थानीय संस्कृतिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवद्र्धन गर्ने उद्देश्यका साथ रामारोशन स्काई रन आयोजना गरिएको जनाएको हो । प्रतियोगिताअन्तर्गत २८ किलोमिटर स्काई रनिङ च्यालेन्जमा पुरुष तथा महिला खुला विधामा प्रतिस्पर्धा हुने र स्थानीय युवाहरूलाई प्रोत्साहन गर्न २० वर्षमुनिका लागि ५ किलोमिटर सामुदायिक दौडसमेत समावेश गरिएको आयोजकले जनाएको छ । २८ किलोमिटरको स्काई रनिङ मार्ग २,१५० मिटर उचाइको रामेखण्डबाट सुरु भई जिङ्गाले ताल, लामादह ताल, रोशन पाटन, ३,८२० मिटर उचाइमा रहेको चाँखाटप र किनिमिनीपाटन लगायतका प्रमुख प्राकृतिक स्थलहरू पार गर्दै पुनः रामेखण्डमै पुगेर टुङ्गिने नार्फले जनाएको छ ।
२८ किलोमिटर स्काई रनिङ च्यालेन्ज अन्तर्गत पुरुष तथा महिला दुवै विधामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने धावकहरूले क्रमशः १ लाख, ७५ हजार र ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् भने शीर्ष १० स्थान हासिल गर्ने धावकहरूलाई पनि नगद पुरस्कार प्रदान गरिने आयोजकले जानकारी दिएको छ । रासस

# सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थ बिक्री र सेवन रोक्न निर्देशन

**काभ्रेपलाञ्चोक ।**
सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ बिक्री तथा सेवनमा रोक लगाउन काभ्रेपलाञ्चोकको स्थानीय तहलाई निर्देशन दिइएको छ । स्थानीय जनप्रतिनिधि सम्मिलित सोमबारको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा त्यससम्बन्धी नेपाल सरकारको कानुनी व्यवस्था कडाइका साथ लागू गर्न उक्त निर्देशन दिइएको हो ।
समितिले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रका सार्वजनिकस्थलको तत्कालै अनुगमन गरी तोकिएको स्थानभन्दा १०० मिटर वरिपरि सुर्तीजन्य पदार्थको बिक्री तथा सेवन बन्द गराउन भनेको हो । तोकिएको स्थानमा सुर्तीजन्य पदार्थको बिक्री तथा सेवन बन्द गराउने कार्य कडाईका साथ लागू गर्न जिल्लास्थित १३ वटै स्थानीय तहलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए ।
अधिकारीका अनुसार शिक्षण संस्था, स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका



सार्वजनिकस्थलको वरिपरि सुर्तीजन्य पदार्थ बिक्री–वितरण गर्न नपाइने कानुनी व्यवस्था रहेको छ । जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई त्यससम्बन्धी कानुनी व्यवस्थालाई कडाइका साथ लागू गर्न पत्राचारसमेत गरिसकेको प्रजिअ अधिकारीको भनाइ छ ।
जिल्लाको बेथानचोक गाउँपालिकाले सार्वजनिकस्थल वरिपरि सुर्तीजन्य पदार्थको बिक्री–वितरण र प्रयोगमा कडाइ गर्ने भएको छ । गाउँपालिकाद्वारा जारी सार्वजनिक सूचनामा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिने जनाइएको छ । यस्तै जिल्ला प्रशासन कार्यालय धुलिखेलबाट प्राप्त परिपत्रका आधारमा उक्त निर्णय कार्यान्वयनमा ल्याउन लागिएको सूचनामा उल्लेख गरिएको छ ।
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक तथा संवेदनशील क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री–वितरण र प्रयोग नगर्न व्यापारी, व्यवसायी तथा सर्वसाधारणलाई अनुरोध गर्दै सूचनाको अवज्ञा गर्नेलाई प्रचलित कानुनअनुसार कारबाही गरिने सूचनामा भनिएको छ । रासस

# तुलसीपुरमा थारू भाषाको विद्यालय सञ्चालन हुने




**दाङ ।**
तुलसीपुर उपमहानगरपालिकामा थारू भाषाको विद्यालय सञ्चालन हुने भएको छ । उपमहानगरपालिकाले वडा नम्बर १५ को दक्षिण कुररियामा थारू भाषाको विद्यालय सञ्चालनका लागि अनुमति प्रदान गरिएको हो । दाङ थारू समुदायको बाहुल्यता भएको जिल्ला रहेको भन्दै थारू भाषामा पठनपाठनका लागि विद्यालय सञ्चालनको अनुमति प्रदान गरिएको नगरप्रमुख टीकाराम खड्काले बताए ।
गुठीका रूपमा सञ्चालन गर्न दिनेगरी अनुमति प्रदान गरिएको नगर प्रमुखको भनाय छ । स्थानीय रोहित चौधरीले तीन वर्षअघि थारू भाषाको विद्यालय सञ्चालनको अनुमतिका लागि उपमहानगरपालिकामा माग गरेका थिए । सोही निवेदनमाथि उपमहानगरपालिकाको ४७औँ कार्यपालिका बैठकले निर्णय गरेको हो । अहिलेसम्म जिल्लामा थारू समुदायका लागि गुठीअन्तर्गत छुट्टै विद्यालय सञ्चालनमा छैन । उक्त विद्यालयलाई थारू भाषाबाट पढाउनका लागि उपमहानगरपालिकाले स्वयंसेवक शिक्षक पनि उपलब्ध गराउने नगरप्रमुख खड्काले बताए । सबै थारू समुदायका विद्यार्थी त्यही पढ्न गएमा आवासीयसमेत बनाउन सकिने उनको भनाइ छ । उपमहानगरपालिकाले देशमै यो नयाँ अभ्यास थालेको नगरप्रमुख खड्काले बताए ।
राष्ट्रिय जनगणना २०७८ अनुसार दाङको तुलसीपुरमा २१ प्रतिशत थारू समुदायको बसोबास छ । जहाँ ३८ हजार ३२५ जनसंख्या रहेको छ । तुलसीपुरमा सबैभन्दा बढी क्षेत्रीको ३५.३ प्रतिशत र त्यसपछि थारू समुदायको जनसंख्या छ । यसअघि वीरेन्द्र मावि भ्यूडहर सुनपुरमा मगर भाषाको कक्षा सञ्चालनमा थियो । भाषागत कक्षालाई स्थानीय पाठ्यक्रममा समावेश गरेर पनि पढाउन सकिने उपमहानगर पालिकाका शिक्षा शाखा प्रमुख चक्र भण्डारीले बताए । रासस

# मध्यपहाडी लोकमार्गको वैकल्पिक 'पाखुट्टे–ढाँड' सडक 'ग्राभेलिङ'

**बागलुङ ।**
राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक स्तरोन्नति गरिएको छ । यहाँको निसीखोला गाउँपालिका–४ झिम्पाखोलादेखि वडा नं ५ ढाँडसम्मको सडक स्तरोन्नति गरिएको हो । विसं २०७३ मा ट्र्याक खुलेको उक्त सडक चालु आर्थिक वर्षमा सङ्घीय सरकार र निसीखोला गाउँपालिकाको रु एक÷एक करोड गरी रु दुई करोडमा स्तरोन्नति गरिएको हो । यस वर्ष चार किलोमिटर ग्राभेल, ढलान, नाली निर्माण, फराकिलो बनाउने र ग्याबिन लगाउने काम गरिएको गाउँपालिकाका सूचना अधिकारी डिलाराम बाँठा मगरले जानकारी दिए । आगामी असार १५ गतेसम्म काम सक्ने गरी जेएसआर–केटी जेभीसँग विसं २०८२ माघ २७ गते सम्झौता गरिएकामा सोहीअनुसार काम भएको उनले बताए । बर्खाको समयमा निसीखोला गाउँपालिका–५ कालापैरामा आउने बाढीले मध्यपहाडी लोकमार्ग अवरुद्ध हुने हुँदा यस वर्ष वैकल्पिक सडकमार्फत यातायात सञ्चालन गर्न यस खण्डमा ग्राभेल गरिएको बाँठा मगरले बताए ।
उनले भने, यस वर्ष चार किलोमिटर सडकमा ठूलो लगानी गरे ग्राभेल गरिएको छ, यो सडक व्यवस्थित भएपछि अब बर्खाको समयमा मध्यपहाडी लोकमार्ग अवरुद्ध भए छोटा तथा लामा दूरीका सवारीसाधनलाई समस्या हुने छैन, सङ्घीय सरकार र गाउँपालिकाको बजेटबाट विगतदेखि नै साझेदारीमा काम हुँदै आएको छ । उक्त सडक ढोरपाटन नगरपालिका–२ पाखुट्टेदेखि निसीखोला–५ ढाँडसम्म २५ किलोमिटर लामो छ । यसले निसीखोला गाउँपालिकाको वडा नं २, ४, ५ र ढोरपाटन नगरपालिकाको वडा नं २ लाई जोडेको छ । दश वर्ष अगाडि साविक निसी, बोहोरागाउँ र देवीस्थान गाविसले दुई–दुई लाख, अर्थ मन्त्रालयबाट रु ४० लाख, डोलीडार संस्थाबाट रु सात लाख, जिल्ला विकास समितिबाट रु आठ लाख सङ्कलन गरी रु ६१ लाखमा ट्र्याक खोलिएको थियो । सडक ग्राभेल भएपछि सामान ढुवानी र यात्राका लागि सहज हुने स्थानीय मीनबहादुर घर्ती मगरले बताए । ट्र्याक खुलेको एक दशकसम्म पनि सडक व्यवस्थित नहुँदा यहाँ गाडी गुड्न सकेका छैनन । अब पश्चिम नेपालबाट राजधानी काठमाडौँ जाने सवारीसाधन यही सडक भएर सञ्चालन गर्न सहज हुने उनको भनाइ छ । रासस

# करिब पाँच अर्ब बचत रकम फिर्ता गर्न छ हजार बढीको उजुरी

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका सहकारी विभागमा चार अर्ब ७७ करोड ४९ लाख २३ हजार रुपैयाँ बचत रकम फिर्ता गरी दिनका लागि छ हजार बढी बचतकर्ताले माग गरेका छन् ।

कामपा सहकारी विभागका अनुसार पछिल्लो समय कामपामा बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको छ । कामपा सहकारी विकागका प्रमुख धुरवकुमार काफ्लेका अनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएको उजुरीको आधारमा भनिएको हो ।

प्रमुख काफ्लेका अनुसार, यसरी माग दाबी गर्ने बचतकर्ताहरूमा एक लाखदेखि पाँच लाखसम्मको रकम रहेका बढी छन् । रकम फिर्ताका लागि छ हजार ३ सय बचत कर्ताले उजुरी दिएको प्रमुख काफ्लेले जानकारी दिए । निवेदनका आधारमा उनले भने, 'यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजारसम्म गर्ने अर्थात साना रकम जम्मा गर्ने बचतकर्ताहरूको संख्या बढी रहेको छ ।'

कामपाका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको संख्या ७८ प्रतिशत रहेको छ । उजुरीकै आधारमा कामपाले गत सोमबार र मङ्गलबार गरी बुद्ध दर्शन सेभङि एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको छ ।

कामपा–६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले एक लाख ५० हजार रुपैयाँसम्म बचत गर्ने ७० जना बचतदाता सदस्यहरूलाई बचत रकम फिर्ता गरेको हो । सहकारीले आगामी १ महिनाभित्र रु पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ ।

कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीहरूलाई ताकेता गर्ने र बचतकर्ताको बचत रकम फिर्ता गर्दै कार्य अघि बढाएको छ । सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको कामपा सहकारी विभागको भनाइ छ । विभागका प्रमुख काफ्लेले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भन्छन्, 'माग दाबीसहितको निवेदन लिन्छौँ । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बीच छलफल तुथा मिलापत्र गराउने प्रयास गर्छौं ।'

वडास्तरको मेलमिलापबाट नटुङ्गिएमा विभागले मिलाउन प्रयास गर्छ । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका सिफारिस गरिन्छ ।

# महानगरका मेयर धरौटीमा रिहा



**मधेशदृष्टि**
**वीरगंज**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहलाई धरौटी रिहा भएका छन् ।

पर्सा जिल्ला अदालतका न्यायाधीश गायत्री प्रसाद रेग्मीको इजलासले मेयर सिंहलाई ४ लाख १५ हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो ।

अदालतले तोकेको धरौटी रकम बुझाएर मेयर सिंह मुक्त हुनु भएको हो । अदालतका श्रेस्तेदार प्रभाकर कुमार मल्लिकका अनुसार लिखतसम्बन्धी कसुर मुद्दामा ४ लाख रुपैयाँ तथा झुट्टा विवरण पेश गरी नागरिकता बनाएको अभियोगमा १५ हजार रुपैयाँ धरौटी माग गरिएको थियो । मेयर सिंहको पक्षबाट वरिष्ठ अधिवक्ता रामेश्वर सेढाई, अधिवक्ता कमल मोहन पोखरेल र प्रमोद साहले बहस गरेका थिए ।

जाहेरवालाको तर्फबाट अधिवक्ता चन्द्रिका पटेल लगायतका कानुन व्यवसायीले बहस गरेका थिए भने नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ता मनोज कुमार गुप्ताले बहस गरेका थिए । वीरगंजका स्थानीय लियाकत अलीको जाहेरीका आधारमा नेपाल सरकार वादी रहेको उक्त मुद्दा अदालतमा दर्ता भएको हो । सिंहमाथि झुट्टा विवरण पेश गरी नागरिकता बनाएको तथा लिखत किर्ते गरेको आरोप लगाइएको छ । पर्सा प्रहरीले उनलाई मंगलबार बिहान पर्साकै ठोरी स्थित जंगल रिसोर्टबाट नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराएको थियो ।

# सीमावर्ती क्षेत्रका सेवाग्राहीलाई सास्ती

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारले भारतबाट नेपाल प्रवेश गर्ने सवारी साधनको भन्सार अभिलेख अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत गर्नुपर्ने व्यवस्था लागू गरेपछि सीमावर्ती क्षेत्रका सेवाग्राहीहरूले सास्ती खेप्नुपरेको गुनासो गरेका छन् । वीरगंज तथा महोत्तरीको जलेश्वरस्थित मलिवाडा–भिठामोड भन्सार नाकामा भारतबाट नेपाल प्रवेश गर्ने सवारी चालक र यात्रुहरू भन्सार प्रक्रिया पूरा गर्न ३ देखि ४ घण्टासम्म लाइनमा बस्न बाध्य भएका छन् । नयाँ प्रणाली कार्यान्वयनसँगै सेवा प्रवाहमा ढिलाइ हुँदा सेवाग्राहीहरू मारमा परेको बताइएको छ। सेवाग्राहीहरूका अनुसार भन्सार कार्यालयले पर्याप्त पूर्वतयारी, आवश्यक जनशक्ति व्यवस्थापन तथा प्राविधिक पूर्वाधार सुदृढ नगरी अनलाइन प्रणाली लागू गर्दा सेवा लिन कठिनाइ भएको छ । लामो प्रतीक्षाका कारण यात्रु तथा सवारी चालकहरूले अनावश्यक दुःख भोग्नुपरेको उनीहरूको गुनासो छ ।

# चोरीको क्रेटा कार गौर बाट बरामद

**राकेश यादव**
**रौतहट ।**
गौर नगरपालिका वडा नम्बर ३ बाट प्रहरी ले बेवारिसे अवस्थामा क्रेटा कार बरामद गरेको छ । गल्लिमा ३–४ दिनदेखि भारतीय नम्बर बिआर१डिटी ९५५६ भएको कार बेवारिस अवस्थामा रहेको स्थानीयद्वारा प्राप्त भएको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटी गएको टोलीले कार बरामद गरेको हो । बेवारिसे अवस्थामा रोकिराखिएको कारको चेकजाच गर्दा गाडीको नम्बर, इञ्जिन नम्बर, च्यासिस नम्बरसमेत फेक पाइएकाले नियन्त्रणमा लिइएको प्रहरी नायव उपरिक्षक बसन्त गौतमले जानकारी दिएका छन् ।

बरामद भएको चोरीको कारको ३० लाख मूल्यांकन गरी कानुनी कारबाहीको लागि जिल्ला भन्सार कार्यालयमा पठाइएको प्रहरीले जारी गरेको प्रेस विज्ञप्तीमा उल्लेख ।

# फलफूल व्यवसायी मण्डी खाली गर्न तयार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको जिरो माइलस्थित फलफूल मण्डी खाली गराउने प्रक्रिया अघि बढेपछि व्यवसायीहरूले प्रशासन र सम्बन्धित निकायको भूमिकाप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उच्च अदालत जनकपुरको आदेशलाई सम्मान गर्दै बजार खाली गर्न तयार रहेको जनाए पनि व्यवसायीहरूले वैकल्पिक व्यवस्थाबिनै हतारमा हटाउन खोजिएको गुनासो गरेका छन् ।

जनकपुरधाम फलफूल तथा तरकारी व्यवसायी संघका अनुसार व्यवसायीहरूले अदालतको आदेश पालना गर्दै मण्डी स्थानान्तरणका लागि सहकार्य गरिरहेका छन् । तर हाल आँपको मुख्य व्यापारिक मौसम चलिरहेकाले कम्तीमा साउन महिनासम्म समय उपलब्ध गराउन माग गरिएको उनीहरूको भनाइ छ ।

फलफूल व्यवसायी महासंघका महासचिव भुवनेश्वर पूर्वेले आफूहरू आदेशविपरीत नजाने स्पष्ट पार्दै अहिलेको अवस्था व्यापारका दृष्टिले संवेदनशील रहेको बताए । उनका अनुसार व्यवसायीले केवल केही समयको सहुलियत खोजेका हुन्, तर सम्बन्धित निकायबाट अपेक्षित सहयोग नपाएको गुनासो छ ।

यसैबीच जनकपुरधाम उद्योग वाणिज्य संघले पनि व्यवसायीको पक्षमा आवाज उठाएको छ । संघका अध्यक्ष सुरेन्द्र भण्डारीले करोडौं रुपैयाँ राजस्व तिर्ने व्यवसायीलाई वैकल्पिक व्यवस्था नगरी विस्थापित गर्नु उचित नहुने बताए । उनले उपमहानगरपालिकासँग समन्वय गरी नयाँ स्थान व्यवस्थापनको प्रक्रिया अघि बढिरहेको जानकारी दिँदै जग्गा करारको काम पूरा हुन समय लागेकाले तत्काल हटाउने निर्णय पुनर्विचार गर्न आग्रह गरे ।

व्यवसायीहरूले फलफूल तथा तरकारी व्यापार कृषि उत्पादन र आपूर्ति प्रणालीसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले राज्यले प्राथमिकताका साथ व्यवस्थापन गर्नुपर्ने धारणा राखेका छन् । थोक व्यापार सञ्चालन हुने स्थायी बजार नहुँदा अहिले व्यवसायीहरू अन्योल र आर्थिक जोखिममा परेको उनीहरूको भनाइ छ ।

हाल जिरो माइलस्थित मण्डीबाट करिब २ सय ५० व्यवसायीले कारोबार गर्दै आएका छन् । दैनिक ५० देखि ६० वटा भारतीय मालवाहक गाडी फलफूल बोकेर मण्डीमा आउने गरेको र यहाँबाट वीरगञ्ज, हेटौंडा तथा चितवनसम्म आपूर्ति हुने गरेको व्यवसायीहरूको दाबी छ ।

मण्डी खाली गर्ने विषयलाई लिएर व्यवसायीहरूले दुई मुख्य माग अघि सारेका छन् । पहिलो, बजार खाली गराउने क्रममा भइरहेको अवरोध रोक्नुपर्ने र दोस्रो, आँपको पिक सिजन समाप्त नभएसम्म कम्तीमा दुई महिनाको समय थप गरिनुपर्ने । यही मागसहित व्यवसायीहरू धर्नामा समेत बसेका छन् ।

उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारीले विगतदेखि नै फलफूल व्यवसायीलाई एक स्थानबाट अर्को स्थानमा सार्ने क्रम दोहोरिँदै आएको आरोप लगाए । उनका अनुसार शुक्रबारे हटियाबाट विस्थापित भएपछि व्यवसायीहरूले निजी जग्गामा लगानी गरेर मण्डी सञ्चालन गरेका थिए । अहिले फेरि त्यही समूहलाई अपमानजनक ढंगले हटाउन खोजिएको उनको भनाइ छ ।

उता जनकपुरधाम उपमहानगरपालिकाले भने कुवारामपुर क्षेत्रमा गुठीको जग्गामा नयाँ फलफूल मण्डी व्यवस्थापन गर्ने तयारी भइरहेको जनाएको छ । तर गुठी संस्थानसँग लिज सम्झौता प्रक्रिया पूरा हुन बाँकी रहेकाले स्थानान्तरण कार्यमा ढिलाइ भइरहेको उपमहानगरको भनाइ छ ।

# वित्तीय अपराध नियन्त्रणमा सबैको निकायको सहकार्य आवश्यक



**काठमाडौँ ।**
पछिल्लो समयमा वित्तीय अपराधमा भएको बढोत्तरीले चुनौती थपेको निष्कर्षसहित यस्ता अपराध नियन्त्रणमा सामूहिक प्रयासको खाँखो रहेको औँल्याइएको छ ।

नेपाल राष्ट्र बैंक तथा नेपाल प्रहरी प्रधान कार्यालयको आयोजनामा मंगलबार भएको सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य, आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसम्बन्धी अनुशिक्षणमा सहभागी सुरक्षा तथा आर्थिक क्षेत्रका अधिकारीहरूले उक्त कुरामा जोड दिएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका अनुसार कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले वित्तीय प्रणालीको पारदर्शीता, सुशासन तथा आर्थिक स्थायित्व कायम गर्न सम्पत्ति शुद्धीकरण, आतङ्कवादी गतिविधिमा वित्तीय लगानी तथा आमविनाशका हातहतियारसँग सम्बन्धित वित्तीय अपराध नियन्त्रण अत्यन्त महत्त्वपूर्ण रहेको बताए ।

यस्ता अपराधको अनुसन्धान तथा निगरानीमा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय, सूचना आदानप्रदान र दक्ष जनशक्ति उत्पादन गरी वित्तीय अपराधका नयाँ प्रवृत्ति र चुनौतीलाई नियन्त्रण गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको उनले बताए ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले वित्तीय अपराधको स्वरूप दिनप्रति दिन जटिल बन्दै गएको उल्लेख गर्दै यस्ता अपराधको सफल अनुसन्धानका लागि प्राविधिक ज्ञान, अनुसन्धान सीप र अन्तर निकाय समन्वय अपरिहार्य रहेको बताए ।

प्रहरीले हुण्डी कारोबार, सङ्गठित अपराध, मानव बेचविखन तथा लागुऔषध ओसारपसार, आपराधिक लाभ, ठगीजस्ता अपराधहरूको सफल अनुसन्धान गर्न प्रमाण सङ्कलन, वित्तीय विश्लेषण, राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकायसँग समन्वय तथा सहकार्य गर्दै आइरहेको उनले बताए ।

प्रहरी महानिरीक्षक कार्कीले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी वित्तीय लगानीसँग सम्बन्धित अपराध नियन्त्रण राष्ट्रिय सुरक्षा र आर्थिक सुशासनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले नेपाल प्रहरीले यस क्षेत्रमा आफ्नो क्षमता अभिवृद्धि गर्दै आएको उल्लेख गरे ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले तालिमको महत्वसम्बन्धी जानकारी दिएका थिए । पाँच कार्य दिनको तालिममा कोशी प्रदेशअन्तर्गत रहेका जिल्ला प्रहरी कार्यालय तथा मुद्दा चल्ने प्रहरी एकाइका अनुसन्धान शाखामा कार्यरत २४ जना जुनियर प्रहरी अधिकृतहरूको सहभागिता रहेको छ ।

# उपकुलपति नियुक्तिका लागि सिफारिस समिति गठन




**काठमाडौँ ।**
काठमाडौँ विश्वविद्यालयको १०१औँ सभा (सिनेट) बैठकले नयाँ उपकुलपति नियुक्तिका लागि सिफारिस समिति गठन गरेको छ । शिक्षा तथा खेलकुद मन्त्री तथा विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा मंगलबार सम्पन्न बैठकले उपकुलपति नियुक्ति प्रक्रियालाई अघि बढाउने उद्देश्यले तीन सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गरेको हो ।

गठित समितिको संयोजकमा सहकुलपति मन्त्री पोखरेल रहेका छन् । समितिको सदस्यमा रेशु अर्याल ढुङ्गाना र प्रा. डा. सुरेशराज शर्मा रहेका छन् । ढुङ्गाना राष्ट्रिय योजना आयोगको सदस्य हुन् भने शर्मा काठमाडौँ विश्वविद्यालय संरक्षण समितिका अध्यक्ष तथा विश्वविद्यालयका संस्थापक उपकुलपति हुन् । समितिले उपकुलपति पदका लागि योग्य उम्मेदवारहरूको छनोट गरी सिफारिस गर्नेछ । यससँगै विश्वविद्यालयमा नयाँ नेतृत्व चयन प्रक्रिया औपचारिक रूपमा अगाडि बढेको छ ।

काठमाडौँ विश्वविद्यालयले शैक्षिक गुणस्तर, अनुसन्धान तथा नवप्रवर्तनका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ । नयाँ उपकुलपति नियुक्तिसँगै विश्वविद्यालयको भावी शैक्षिक तथा संस्थागत विकासको दिशाबारे थप अपेक्षा गरिएको छ ।

# अदालतको फैसला यथाशीर्घ कार्यान्वयनमा जोड

**काठमाडौँ ।**
अदालतले गरेको आदेश÷फैसला यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने विषयमा ध्यान दिनुपर्नेमा सरोकारवाला पक्षले जोड दिएका छन् । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले मंगलबार आयोजना गरेको छलफलका वक्ताहरूले अदालतको आदेश÷फैसला तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् ।

सर्वोच्च अदालतका रजिष्ट्रार मानबहादुर कार्कीले फैसला कार्यान्वयनमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताए । 'सर्वोच्च अदालतले बोलेपछि आदेश÷फैसलाको स्वतः कार्यान्वयन हुन्छ,' उनले भने, 'जिम्मेवार पदाधिकारीले अदालतको आदेश÷फैसला देख्नै बित्तिकै कार्यान्वयन गर्ने तदरुकता देखाउनुपर्छ ।'

फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले अदालतले फैसला गर्ने वित्तिकै सम्बन्धित निकायमा पत्रचार गर्ने गरेको भएपनि तत्काल कार्यान्वयन गरिहाल्ने परिपाटी नभएको अनुभव सुनाए । 'स्वास्थ्यसम्बन्धी हक संविधानको मौलिक हकमै समेटिएको विषय हो, स्वतः पालना गर्नुपर्छ,' उनले भने, 'अदालतबाट फैसला हुँदा पनि कार्यान्वयनमा ढिलाई हुने अवस्था आउनु दुःखद् हो ।'

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नृपध्वज निरौलाले २०८१ मङ्सिर १७ गते गरेको फैसालामा मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण र सम्वद्र्धन गर्न १२ बुँदे निर्देशनात्मक आदेश जारी गरेको थियो ।

राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई परिमार्जन गर्दा मानसिक स्वास्थ्य शाखा स्थापना तथा स्थानीयस्तरमा जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयमा ईकाइ÷सम्पर्क व्यक्ति यथाशक्य चाँडो नियुक्ति गरी कार्यसञ्चालन गर्नु÷गराउनु भनिएको थियो ।

मानसिक स्वास्थ्यका क्षेत्रमा एतिहासिक फैसला भए पनि कार्यान्वयनमा तदारुकता नदेखिँदा मानसिक स्वास्थ्य सेवाको प्रतिक्षामा बसेकाहरूले प्रभावकारी रूपमा उपचार पाउन सकेका छैनन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन